सुदूरपश्चिम प्रदेश सभामा मिति २०८१ साल भाद्र ३१ गते

आर्थिक मामिलामन्त्री माननीय बहादुर सिंह थापाले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८१/८२ को

# बजेट वक्तव्य

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
धनगढी, कैलाली
२०८१

**माननीय सभामुख महोदय,**

देशमा देखिएको राजनैतिक समिकरण फेरबदलका कारण प्रदेश सरकार पनि परिवर्तन भएकोले मिति २०८१ साल असार १ गते प्रदेश सरकारका तर्फबाट प्रदेश सभामा प्रस्तुत गरिएको बजेट बक्तव्य र बजेटसँग सम्बन्धित विधेयकहरुमा नयाँ सरकारका प्राथमिकताहरु सम्बोधन गर्ने गरी पुनरावलोकन सहित परिमार्जन गर्नुपर्ने भएकोले सोही बमोजिम मिति २०८१ साल असार १ गते प्रदेश सरकारबाट प्रदेश सभामा बजेट प्रस्तुत भएको समयावधीले निरन्तरता पाउने र उक्त समयमा प्रस्तुत भएको विनियोजन विधेयक, २०८१ र प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८१ लाई फिर्ता लिई बजेट बक्तव्य र बजेटसँग सम्बन्धित विधेयकहरुमा पुनरावलोकन सहित परिमार्जन गरी यस सम्मानित सभामा प्रस्तुत गर्न गईरहको छु।

१. सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल, सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक मामिला मन्त्रीको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष **२०८१/८२** को बजेट तथा कार्यक्रम (आय-व्ययको विवरणसहित) प्रस्तुत गर्न पाउँदा गौरवको अनुभुति गरिरहेको छु।विगत केही महिना देखिको बजेट शुन्यताको अवस्था तथा नयाँ सरकार गठन भएयता निर्धारण भएका प्राथमिकताहरु समेत सम्बोधन हुने गरि बजेट तथा कार्यक्रम तर्जुमा गर्नु पर्ने अपरिहार्य एवं बाध्यात्मक परिस्थितिको विचमा यो बजेट प्रस्तुत गर्न गईरहेको छु। प्रदेशको समग्र अर्थतन्त्रलाई चलायमान बनाउदै आर्थिक, सामाजिक ,साँस्कृतिक एवम् पर्यावरणीय विकासलाई समेत सम्बोधन गर्दै अगाडि बढ्नुपर्ने कठिन परिस्थितिमा समग्र प्रदेशको सुशासन, विकास र समृद्धिको यात्रालाई गति दिने मूल ध्येयका साथ तयार गरिएको आर्थिक बर्ष **२०८१/८२** को वार्षिक बजेट तथा कार्यक्रम यस सम्मानित सभा समक्ष पेस गर्ने अनुमति चाहन्छु।बजेट शुन्यताको अवस्थामा समेत सामयिक कर ऐन मार्फत राजस्व संकलन गरी सेवा सुचारु गर्न **सामयिक कर संङ्कलन सम्बन्धि अध्यादेश, २०८१** जारी भई सेवा सुचारु भएको ब्यहोरा समेत निवेदन गर्न चाहन्छु।

२. आर्थिक बर्ष २०८१/८२ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरिरहेको यस सन्दर्भमा नागरिक अधिकारको रक्षा र प्राप्तिका लागि विभिन्न काल खण्डहरूमा भएका जनआन्दोलनका क्रममा आफ्नो अमूल्य जीवन उत्सर्जन गर्नु हुने महान ज्ञात अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।साथै कोरोना महामारी तथा अन्य विपतका घटनाहरुबाट ज्यान

गुमाउनुहुने प्रति हार्दिक श्रदाञ्जली अर्पण गर्दछु। घाइते योद्धा, वेपता नागरिकहरू प्रति उच्च सम्मान र शीघ्र स्वास्थ लाभको कामना गर्दछु।

३. समृद्ध सुदूरपश्चिम निर्माणको लागि संविधानले निदिष्ट गरेको अर्थ व्यवस्थाको आधार निर्माण गर्नु जरूरी छ। गरिवीको रेखामुनि रहेका तथा विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग जाति समुदाय लगायत सबै नागरिकको दिगो शान्ति,सुशासन विकास र समृद्धिको आकांक्षा सम्बोधन गर्न यो बजेट मुलत केन्द्रित छ।

४. आर्थिक रुपमा आत्मनिर्भर र सामाजिक रुपमा सम्मानजनक सुखी नागरिक बसोबास गर्ने देवभुमी सुदूरपश्चिम प्रदेशको आवधिक योजनाको दीर्घकालिन सोच पुरा गर्न थप सुशासन, सुदृढ सामाजिक न्याय सहित समृद्धिको दिशामा अघि बढ्न यो बजेट केन्द्रित रहेको छ।

५. प्रस्तुत बजेट तथा कार्यक्रमले प्रदेशमा भौतिक, आर्थिक, हरित, साँस्कृतिक र सामाजिक पूर्वाधार, सन्तुलित विकास, कृषि उर्जा, वन, शिक्षा, स्वास्थ्य, गरिवी निवारण, सामावेशी लैङ्गिक विकास, रोजगार, नवप्रवर्तन, अध्ययन / अनुसन्धान, उद्यमशीलता प्रवर्द्धन, नागरिक सम्बाद, सचेतना तथा न्यायपूर्ण समाज निर्माण तर्फ सम्बोधन गर्ने प्रयास गरेको छु।

६. यस बजेट तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा मैले संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू , १६ औ आवाधिक योजना, दिगो विकासका लक्ष्यहरू साहित अन्तर्राष्ट्रिय प्रतिवद्धता, यस प्रदेशको पञ्चवर्षीय योजना, मध्यमकालीन खर्च संरचना साथै प्रदेश सरकारले निर्धारण गरेका बजेटका सिद्धान्त तथा प्राथमिकता तथा प्रदेश सरकारको नीतिहरु माननीय सदस्यहरुबाट प्राप्त सुझावहरू मार्गदर्शनको रुपमा लिएको छु। प्रदेश सभाका विभिन्न समितिहरु, संघ र स्थानीय तह, राजनीतिक दल, संघसंस्था, विद्धत वर्ग, निजी क्षेत्र, सहकारी क्षेत्र, विकास साझेदार एवम् संचार क्षेत्र लगायत आम नागरिकबाट प्राप्त सल्लाह सुझाव समेतलाई अधिकतम सम्बोधन हुने गरी प्राथमिकतामा राखेको छु।

**माननीय सभामुख महोदय,**

अब म सुदूरपश्चिम प्रदेशको समष्टिगत आर्थिक तथा सामजिक परिसूचकहरु संक्षिप्त सिहावलोकन प्रस्तुत गर्ने अनुमति चाहन्छु।

७. आर्थिक वर्ष २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन रु. ३ खर्व ८१ अर्व ४४ करोड रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा (उपभोक्ता मूल्यमा) कुल गार्हस्थ्य उत्पादन रू. ४

खर्व ४ अर्व २८ करोड रही सामान्य विस्तार भएको छ। जुन अनुमानित राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको ७.१ प्रतिशत हो। कुल ग्राहस्थ उत्पादनमा भएको यो विस्तार सकारात्मक देखिन्छ।

८. आर्थिक वर्ष २०७९/८० मा प्रदेश को आर्थिक वृद्धिदर १.५२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशको आर्थिक वृद्धिदर ३.४१ प्रतिशत भएको अनुमान छ।आर्थिक वृद्धिको यो वृद्धिलाई दिगो राखी थप विस्तार गर्नुपर्ने चुनौती हाम्रा सामु छ।

९. आर्थिक वर्ष २०८०/८१ को कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक द्वितिय र सेवा क्षेत्रको योग्दान क्रमश ३३.२ प्रतिशत, १२.४५ प्रतिशत ५४.३१ प्रतिशत रहेको छ। गत आ.व. २०७९/८० मा यस्तो योग्दान क्रमश ३२.६० प्रतिशत, १३.१८ प्रतिशत र ५४ प्रतिशत रहेको थियो। आर्थिक वर्ष २०८०/८१ मा कृषि क्षेत्र वृद्धिदर ३.४२ प्रतिशत र सेवा क्षेत्रको वृद्धिदर ४.०९ प्रतिशत धनात्मक तथा द्वितीय क्षेत्रको वृद्धिदर ०.५० प्रतिशत ऋणात्मक रहेको अनुमान छ। प्रदेश अर्थतन्त्रका उपरोक्त परिसुचकहरुको सामान्य वृद्धि सकारात्मक नै रहेको छ।

१०. आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशको प्रतिव्यक्ति आय १ हजार ६३ अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा बृद्धि भई १ हजार १ सय ११ अमेरिकी डलर रहेको अनुमान छ।

११. आर्थिक वर्ष २०७९/८० मा सुदूरपश्चिम प्रदेशमा लघुवित्त सहित बैङ्क तथा वित्तीय संस्थाहरुको शाखा संख्या ८४६ रहेकोमा आर्थिक वर्ष २०८०/८१ मा लघुवित्त सहित बैङ्क तथा वित्तीय संस्थाहरु विस्तार भई ८५६ पुगेको भने बिमा कम्पनीहरुको शाखा संख्या २ सय ७१ पुगेको छ। सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्षको माघसम्म बैङ्क तथा वित्तीय संस्थाको निक्षेप रु. १ खर्व ४९ अर्ब पुगेको छ। साथै, सो अवधिमा कर्जा प्रवाह रु. १ खर्व ५२ अर्ब रहेको छ। वितिय क्षेत्रको विस्तारले प्रदेशको वितीय पहुँचलाई थप विस्तार गरेको छ।

१२. नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०) अनुसार नेपालको निरपेक्ष गरिवीको रेखामुनि २०.२७ प्रतिशत रहेकोमा यस प्रदेशमा गरिवीको दर सबै भन्दा बढी ३४.१६ प्रतिशत रहेको छ। प्रदेशको सहरी क्षेत्रको गरिवी दर ३०.८६ र ग्रामिण क्षेत्रको ४०.२१ प्रतिशत रहेको छ। गरिबी न्युनिकरण तर्फ भएका प्रयासहरुलाई अझै प्रभावकारी र केन्द्रिकृत गर्दै नतीजाउन्मुख बनाउने र प्रदेशको गरिबी न्युनिकरणको लागी प्रभावकारी कदम चाल्नुपर्ने अपरिहार्य आवश्यकता देखेको छु।

१३. मानव विकास प्रतिवदेन २०२३/२४ अनुसार नेपालको मानव विकास सूचकांक ०.६०१ रहेकोमा यस प्रदेशको यस्तो सूचकाङ्क ०.५४७ प्रतिशत रहेको छ। यसबाट शिक्षा स्वास्थ लगायत क्षेत्रमा थप कदम चाल्नुपर्ने देखिन्छ।

१४. सुदूरपश्चिम प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा प्रदेशमा २ हजार ४ सय १५ नयाँ उद्योग दर्ता भई सामान्य वृद्धि रहेको अवस्था छ।

१५. आर्थिक वर्ष २०८०/८१ मा सुदूरपश्चिम प्रदेशमा १ लाख ७९ हजार हेक्टरमा धान खेती गरिएकोमा उत्पादन ६ लाख ७२ हजार मेट्रिक टन भएको छ जुन उत्साहप्रद छ।

१६. आर्थिक वर्ष २०७९/८० मा प्रदेश सररकारले ४ सय १७ किलोमिटर सडक निर्माण गरेकोमा आ.व. २०८०/८१ (फागुन) सम्म ५ सय ६ किलोमिटर सडक निर्माण गरेको छ। यसमा २१ किलोमिटर कालोपत्रे सडक र २ सय ७५ किलोमिटर ग्रावेल र २ सय २० कि.मि. माटो सडक रहेको छ।

१७. प्रदेशमा शैक्षिक सत्र २०८० मा आधारभूत तह (१-५) सम्म १ हजार ८ सय ८२, आधारभूत तह (१-८) सम्मका ५ सय ७२ र माध्यामिक तह (८-१२) सम्म ८ सय ८७ सामुदायिक विद्यालय रहेको छन्। संस्थागततर्फ १ सय ९८, २ सय ५४ र १ सय ७१ रहेका छन्।

१८. २०८० फागुनसम्म सुदूरपश्चिम १ सय ७१ मेगावाट विद्युत उत्पादन भएको छ भने प्रतिजनसंख्या विद्युत्तको पहुँच पुगेको जनसंख्या ८३.५ प्रतिशत पुगेको छ। आर्थिक वर्ष २०७९/८० मा यस्तो उत्पादन १२० मेगावाट र विद्युत्तको पहुँच ७३ प्रतिशत रहेको थियो।

१९. राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार प्रदेशमा ५३.३३ प्रतिशत घरधुरीमा खानेपानीको धारा जडान भएको छ।

२०. आर्थिक वर्ष २०८०/८१ फागुनसम्म प्रदेश सरकारले निर्माण गरेको आधारभूत खानेपानी सेवाको विस्तारबाट २१ हजार ९६ जना र मध्यमस्तरको खानेपानी सेवा विस्तारबाट ८८ हजार ९ सय ९२ जनालाई स्वच्छ खानेपानी सेवा उपलब्ध भएको छ।

उपरोक्त विवरण सहितको सुदुरपश्चिम प्रदेशको आर्थिक सर्वेक्षण सम्मानित सभा समक्ष पेश भइसकेको छ।

**माननीय सभामुख महोदय,**

अव म बजेट प्रणालीमा देखा परेका मुख्य चुनौतीहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु।

(क) प्रदेश अर्थतन्त्रमा शिथिलता र दीगो आर्थिक वृद्धिदर हुन नसक्दा प्रदेशको आर्थिक अवस्था सुधार हुन नसकेको देखिन्छ। प्रदेशको राजस्व संकलन न्यून हुँदा संघीय अनुदानमाथि निर्भरता बढी रहेको छ।

(ख) विनियोजन कूशलता, कार्यान्वयन दक्षता र वित्तीय अनुशासन, आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण सहितको आयोजना बैकको अवधारणालाई कार्यन्वयन गर्दै विनियोजित रकमलाई उपलव्धिमूलक बनाई पुँजी निर्माण एवं प्रतिफल सुनिश्चित गर्न सकिएको छैन्।

(ग) सङ्घीय अन्तरसरकारी वित्तीय हस्तान्तरण प्रभावकारी परिचालन र प्रदेशबाट स्थानीय तहहरूमा हुने अनुदानको उपयोग एवम् खर्चको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन प्रणालीलाई ब्यवस्थित गर्न नसक्दा आयोजनाको लागत लाभ प्रतिफल असर एवं प्रभाव सुनिश्चित गर्न सकिएको छैन।

(घ) बहुवर्षीय, रणनीतिक महत्व तथा रूपान्तरणकारी योजनाको रुपमा रहेका प्रदेशका गौरव र रूपान्तरणकारी आयोजनामा पर्याप्त स्रोत विनियोजन गरी कार्यान्वयन गर्न, संस्थागत दक्षता, लागत समय बढ्दै गएका कारण पुँजी निर्माण, रोजगारी सिर्जना, आर्थिक वृद्धि, प्रादेशिक अर्थतन्त्र चुनौतीपुर्ण बन्दै गएको छ।

(ङ) प्रदेशको स्रोत परिचालनलाई प्रभावकारी बनाउन अनुउत्पादक खर्च नियन्त्रण गर्ने, राज्यको श्रोत साधनमा जनताको पहुँच स्थापित गरी लोकतन्त्रका लाभहरुलाई जनतासम्म पुऱ्याउनु ठुलो चुनौती हामी माझ थपिएको छ।

(च) शिक्षा, स्वास्थ्य, पूर्वाधार, सरकारी सेवाहरुको प्रभावकारी ब्यवस्थापन हुन नसक्नु,महिला, बालबालिका, जेष्ठनागरिक र सिमान्तकृत समुदायको विकास गर्दै सुशासन, सामाजिक न्याय र समृद्धि तर्फको यात्रालाई तीब्र बनाउनुपर्ने प्रमुख चुनौती हामी माझ रहेको छ।

(छ) पर्याप्त मानव पुँजी र श्रमको परिचालनको अवस्था संतोषजनक नभएको स्थितीमा अपेक्षित मात्रामा लगानी हुन सकिरहेको छैन, परिणामत: अर्थतन्त्रको आकार बढ्ने गति अपेक्षाकृत रुपमा कम देखिन्छ।

**माननीय सभामुख महोदय,**

अब म आ.व. २०८१/८२ को बजेट तर्जुमा गर्दा लिएका उद्देश्यहरु प्रस्तुत गर्न चाहन्छु।

(क) दीगो न्यायपूर्ण सन्तुलित विकास मार्फत सुशासन र सामाजिक न्यायको सुदृढीकरण,

(ख) तुलनात्मक लाभ बढि दिने उत्पादनमूलक क्षेत्रमा सरकारी, निजी, सहकारी अन्य क्षेत्रको सहलगानी वृद्धि गरी उत्पादन, उत्पादकत्त्व र रोजगारी वृद्धि,

(ग) लगानीमैत्री एवम् व्यवसायिक वातावरण निर्माण गर्दै आत्मनिर्भर, उत्पादनमुखी र सन्तुलित प्रादेशिक अर्थतन्त्रको निर्माण ,

(घ) प्राथमिक क्षेत्र (कृषि, वन जडिवुटी, पशुपन्छी) तथा पर्यटन क्षेत्रको विविधिकरण, आधुनिकीकरण र ब्यवसायिकरण ,

(ङ) सामाजिक तथा साँस्कृतिक रूपान्तरण तथा सामाजिक न्याय र समता हासिल गर्न शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई र आवास सशक्तिकरण, क्षमता विकास जस्ता क्षेत्रमा पर्याप्त लगानीको अवसरहरुको सिर्जना,

(च) मानव पुँजी निर्माण गर्न व्यवसायिक, प्राविधिक र बजारमुखी शिक्षा तथा सीपको विकास एवम् तालिम, स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धन, सहकार्य तथा साझेदारी प्रवर्द्धन।

(छ) उत्पादनमुलक क्षेत्रमा युवाको आकर्षण बढाउदै सो क्षेत्रमा लगानीको वातावरण बनाउनु र रोजगारी सिर्जना गर्नु,

(ज) प्रादेशिक स्रोत साधनको सन्तुलित एवं समन्यायिक ढङ्गले परिचालन गरी आर्थिक असमानता र गरिवी न्यूनीकरण ,

(झ) शासकीय सुधार, प्रभावकारी सेवा प्रवाह र सुशासनको प्रत्याभूति ,

**माननीय सभामुख महोदय,**

अब उपरोक्त उद्देश्य पुरा गर्न तय गरिएका महत्वपुर्ण प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु।

(क) रोजगारी र रोजगारीका अवसर सिर्जना, गरिवी तथा आर्थिक असमानता न्यूनीकरण,

(ख) कृषि तथा पशुपन्छी र पर्यटन क्षेत्रको विविधीकरण, आधुनिकीकरण, व्यावसायिकिकरण र बजारिकरण,

(ग) शिक्षा स्वास्थ्य लगायत सामाजिक क्षेत्रको विकास र मानव पुँजी निर्माण

(घ) सामाजिक सुरक्षा तथा संरक्षण, सशक्तिकरण, मूलप्रवाहिकरण , सामाजिक न्याय तथा सामाजिक विकास,

(ङ) संस्कृति, भाषा, कला, साहित्यको संरक्षण, युवा तथा खेलकुदको विकास र परिचालन,

(च) वन वातावरण, जलाधार तथा जैविक विविधता संरक्षण विकास, जलवायू परिवर्तन एवम् दिगो र हरित विकास,

(छ) आन्तरिक स्रोत परिचालन अभिवृद्धि र अन्तर सरकारी वित्तको उपयोग,

(ज) सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाहमा सुधार,

(झ) प्रदेशभित्र उर्जा, यातायात तथा सडक, सञ्चार, खानेपानी, सिँचाई लागायत भौतिक पूर्वाधारको गुणस्तरीय विकास,

(ञ) स्रोत साधन, अवसर र जिम्मेवारीको उच्चतम् उपयोग गर्न संघ प्रदेश र स्थानीय तह तथा सहकारी र निजी क्षेत्रवीच सहकार्य।

(ट) समष्टिगत प्रादेशिक वितीय स्थिरता।

**माननीय सभामुख महोदय**

अव म बजेटका उद्देश्य हासिल गर्न देहाय बमोजिमको सुधार प्रस्ताव गरेको छु।

(क) प्रदेशको पञ्चवर्षीय आवधिक योजना र प्रादेशिक अर्थतन्त्रको सम्भाव्यता विश्लेषणको आधारमा आर्थिक वृद्धिका प्रमुख सम्वाहक क्षेत्रहरु (कृषि, पर्यटन लगायत) पहिचान गरी सो क्षेत्रमा विनियोजनलाई उच्च प्राथमिकतामा दिएको छु।

(ख) तत्काल आवश्यक नभएका तथा उपयोगहीन, अनुउत्पादनशील, आयोजना तथा कार्यक्रममा विनियोजन निरूत्साहित गरी बहुसंख्यक जनताले लाभ प्राप्त गर्ने आयोजना र प्रदेश प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गर्ने नीति लिएको छु।

(ग) आयोजना छनौट प्रक्रियामा सुधार गरी रणनैतिक महत्वका आयोजनाहरु पहिचान गरी सोमा मात्र केन्द्रित गर्न चालु आर्थिक बर्ष भित्र आयोजना बैंकको अवधारणा प्रभावकारी बनाउन आवश्यक नीतिगत सुधार एवं संस्थागत संरचनालाई प्राथमिकतामा राखेको छु।

(घ) आयोजनाको अनुगमन प्रणालीमा सहभागितामूलक पद्धती अवलम्वन गरी सम्बन्धित क्षेत्रको माननीय प्रदेशसभा सदस्यहरुको नेतृत्वमा अनुगमन सयन्त्र बनाइ प्राप्त सुझावहरु तथा मार्गदशनलाई प्रदेशस्तरीय विकास समस्या समाधान समिति र मन्त्रालयगत विकास समस्या समाधान समितिमा पेस गरी तत्काल समाधानको व्यवस्था मिलाएको छु।

(ङ) विकास आयोजना तथा कार्यक्रमका निर्धारित लक्ष्य हासिल गर्न आयोजना प्रमुख, कार्यालय प्रमुख र सम्वन्धित मन्त्रालयका प्रमुखलाई आयोजनाको संशोधन रकमान्तर, स्रोतान्तर, कार्यालय प्रमुख हेरफेर, दुर्गम तथा पिछिडिएको क्षेत्रका आयोजना, कार्यक्रममा विनियोजित रकम अन्यत्र सार्ने पर्वृतिलाई कडाईका साथ निरुत्साहित गर्दै लगिने आवश्यक ब्यवस्था गरेको छु।

(च) संघ, प्रदेश र स्थानीय तह बीच वित्तीय अन्तर सम्वन्ध सुदृढ गर्न र राजस्व बाडफाँटलाई प्रभावकारी वनाउन प्रदेशवाट हुने वित्तीय हस्तान्तरणलाई समन्यायिक र प्रभावकारी बनाइनेछ। साथै प्रादेशिक योजना तर्जुमा कार्यन्वयन र अनुगमन मुल्यांकन प्रक्रियामा संघीय इकाईहरूवीच सहकार्य समन्वय र साझेदारी अभिवृद्धि गरिनेछ,

(छ) प्रदेशमा रहेको चरम गरिवीको अन्त्य पिछडिएको क्षेत्र, वर्ग, समुदायको उत्थान गर्दै सामाजिक सुरक्षा, सामाजिक न्याय लोक कल्याणकारी व्यवस्था निर्माणमा सहयोग गर्ने नीति लिएको छु,

(ज) गुणस्तरीय शिक्षा, स्वास्थ्य, खानेपानी लगायत सामाजिक, कृषि, उद्योग, पर्यटन लगायत आर्थिक पूर्वाधार विकास भौतिक पुर्वाधार संरचनाको विकास र निर्माण , अधुरा आयोजनाको कार्यान्वयन, रोजगारी सिर्जना र पुँजी निर्माण एवं श्रम पलायनबाट प्रदेशको श्रम शक्तिलाई ज्ञान, सीप, तालिम, प्रशिक्षणका माध्यमबाट स्वरोजगार, उद्यमशील बनाउने लगायतका कार्यक्रम संचालन गरिनेछ।

माथि उल्लिखित सुधारले बजेट विनियोजन दक्षता अभिवृद्धि भई निर्धारित लक्ष्य हासिल हुने अपेक्षा गरेको छु।

**माननीय सभामुख महोदय,**

अब म चालु आर्थिक वर्षको बजेटका प्रमुख क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छुः

<u>**कृषि, मत्स्य , पशुपन्छी र सहकारी**</u>

१. प्रदेशका विपन्न दलित, मुक्त कमैया, कमलरी, हलिया, अपाङ्गता, एकल महिला लगायत लक्षित वर्गहरुको विधार्थीहरुको कृषीमा आकर्षण र स्थानीय रोजगारीका अवसर सृजना गर्न **"पढदै कमाउदै कृषि कार्यक्रम"** लाई प्राथमिकताका साथ अगाडी बढाईनेछ। यसबाट स्थानिय रोजगारको अवसर सिर्जना भई गरिबी न्युनिकरणमा सहयोग पुग्ने अपेक्षा लिएको छु।यसका लागि रु. ६० लाख विनियोजन गरेको छु।

२. प्रदेशमा रासायनिक मलको अभावलाई न्यूनिकरण गर्न गैर अनुदानित रासायनिक मलहरु तथा प्रांगारिक मल आपुर्ति गर्न का लागि रु. २ करोड ५० लाख विनियोजन गरेको छु। यसबाट रासायनिक मलको आपुर्ति ब्यवस्थापन प्रभावकारी भई उत्पादन र उत्पादकत्व वृद्धि हुने विश्वास लिएको छु।

३. प्रदेश भित्र कृषि तथा पशु प्रसार सेवालाई थप प्रभावकारि बनाई प्राविधिकहरुको कृषकहरु सँगको सहज पहुँच अभिबृद्धि गरिनेछ। कृषकहरुलाई घूम्ति शिविर, घरदैलो सेवा तथा नविन सुचना प्रविधिको प्रयोग मार्फत प्राविधिक सेवा प्रदान गरिनेछ। **"हत्केलामा कृषी सेवा"** अवधारणा अनुसार कृषि प्रविधि र सेवामा कृषकको सहज पहुँच स्थापना हुने गरी आधुनिक कृषि प्रणालीमा जोड दिएको छु। **"कृषक र कृषक प्राविधिक संगसंगै अवधारणा"** अनुसार

सहकार्य र साझेदारी प्रवर्द्धन गर्दै लगिनेछ। उपरोक्त कार्यको लागी आवश्यक रकम विनियोजन गरेको छु। यसबाट कृषि थप आधुनिकरण र सुचनाप्रविधिमैत्री हुने विश्वास लिएको छु।

४. कृषि अनुदानको प्रभावकारी कार्यान्वयन तथा दोहोरोपन न्युनिकरणका लागि संघिय सरकार तथा स्थानीय तहसँग साझेदारीमा कार्यक्रम संचालन गरिनेछ। समग्र प्रदेशको कृषकका एकै प्रकृतिका मागहरुका लागि वृहत र स्थान विषेशका माग सम्बोधन गर्न क्षेत्र लक्षित कार्यक्रम संचालन गरिनेछ। प्रमुख खाद्यान्न बाली, रैथाने बाली, तरकारी, चैते धान, मसला र बहुबर्षिय घाँस खेतिका लागि रु. लागि रु.१० करोड २३ लाख विनियोजन गरेको छु।

५. **"कृषि उत्पादनको मूल आधार माटो हो"** भन्ने नाराका साथ माटोको उर्वराशक्तिको दीगो ब्यवस्थापनको लागी समुदाय स्तरमा प्राङगारिक मल तथा गङ्यौला मल उत्पादन गर्न विशेष प्रोत्साहनका कामहरु संचालन गरिनेछ। प्रदेश पहिचान सहितको प्राङगारिक खेती प्रवर्द्धन कार्यक्रम संचालन गरी उत्पादित अर्गानिक वस्तुहरुको ब्राण्डिङ प्रमाणीकरण र बजारीकरण कार्यक्रमहरु सरोकारवालाहरुको सहकार्य र साझेदारीमा **"हातमा ठेला निधारमा पसिना खेतबारीमा फसल"** नाराका साथ कार्यक्रमहरु संचालन गरिनेछ।यसको लागि कृषि सिचाई कार्यक्रम साना किसान सिँचाई कार्यक्रमलाई उच्च प्राथमिकता साथ कार्यान्वयन गरिनेछ। यसको लागी रु. ८ करोड १७ लाख विनियोजन गरेको छु। यसबाट सिचाई सेवाको विस्तार माटोको संरक्षण तथा मौलिक वस्तुको उत्पादन तथा प्रवर्द्धन हुने विश्वास लिएको छु।

६. प्रदेशका पहाडी क्षेत्रमा जमिन बाँझो राख्ने प्रवृत्तीलाई निरुत्साहन गर्न तथा बाँझो जग्गाको उपयोग गरी फलफूल, तरकारी, मसला खेती, घाँस खेतीका लागि **"खेतबारी नराखौं बाझो अन्नबाली फलाऔं मिलाइ चाजोपाजो"** अभियान संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु। प्रदेशमा ब्यवसायिक तरकारी खेती र आधुनिक प्रविधियुक्त स्याउ, ओखर, केरा, किवी, सुन्ताजात फलफुलका बगैंचाहरु स्थापना गरिनेछ। वागवानी क्षेत्रका लागि रु. २३ करोड ६९ लाख विनियोजन गरेको छु। रैथाने तथा पोषणयुक्त वाली उत्पादन प्रबर्द्धन र स्थानीय उत्पादनमा आधारित विद्यालय खाजा कार्यक्रममा समन्वय गरिनेछ।

७. सुदुरपश्चिम प्रदेशको पहिचान बोकेका तर आवश्यक प्रोत्साहनको अभावमा प्रवर्द्धन हुन नसकेका रैथाने वालीहरुको उत्पादन प्रवर्द्धन र बजारिकरणको लागि **"रैथाने वाली वस्तुको उत्पादन तथा उपभोग गरौं खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गरौं"** भन्ने नाराका साथ संरक्षण र प्रबर्द्धन प्रोत्साहनका कार्यहरुलाई उच्च प्राथमिकतामा राखेको छु। बसन्ते मकै, भटमास, चैते धान, मसिना तथा वासनादार धान विस्तारका साथै रैथाने बालीको उपभोग प्रवर्द्धनका लागि आवश्यक रकम विनियोजन गरेको छु। धान, गहुँ तथा मकैको बीउ उत्पादन तथा निर्यात प्रवर्धनका लागि रु. ५ करोड ४० लाख विनियोजन गरेको छु। **"दुग्धजन्य पदार्थ तथा रैथाने**

**वालीमा आधारित मुख्यमन्त्री वृद्धवृद्धा लक्षित पोषण कार्यक्रम"** को लागी रु. ५ करोड विनियोजन गरेको छु। यसको लागी आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ। यसको कार्यान्वयनबाट सुदुरपश्चिमको संस्कार वा आमाको हेरचाह भावनाको सार्थकता अझै बढ्ने विश्वास लिएको छु। साथै यसबाट सुदुरपश्चिमको पहिचान बोकेका रैथाने वालीको संरक्षण प्रवर्द्धन र बजारीकरण भई पोषणयुक्त खाद्यान्नको प्रयोगमा उल्लेखनीय बढोतरी हुने अपेक्षा गरेको छु।

८. **"कृषिमा आत्मनिर्भर सुदुरपश्चिम प्रदेश सरकारको अभियान"** संचालन गरी अगामी ५ बर्षभित्र प्रमुख खाद्यान्न दाल तरकारी फलफुल माछा मासुमा आत्मनिर्भर हुन लक्षित कार्यक्रममा जोड दिएको छु। कृषिमा सरोकारवालाहरुको सहकार्य र साझेदारी प्रवर्द्धन मार्फत कृषि तथा पशुपन्छी व्यवसायिक प्रवर्द्धन र वजारीकरण कार्यक्रम संचालन गरिनेछ। कृषि पेशालाई मर्यादित बनाउदै व्यवसायिकरण, यान्त्रिकीकरण विविधिकरण र आधुनिकरण गर्दै कृषि क्षेत्रमा उत्कृष्ट कार्य गर्ने कृषकहरुलाई सम्मान गर्न **"भीमदत्त पन्त कृषि पुरस्कार"** लाई निरन्तरता दिएको छु। युवा वर्गलाई कृषिमा आकर्षण गर्न तथा रोजगारीका अवसर सृजना गरी व्यवसायिक फर्म स्थापना गर्न तथा पर्या-पर्यटनलाई जोड दिदै आत्मनिर्भरताको विकास गर्न विशेष जोड दिएको छु। यसका लागि रु. ५ करोड २० लाख विनियोजन गरेको छु।

९. कृषि तथ्यांक संङकलन विश्लेषण र प्रक्षेपण सम्वन्धि कार्यक्रम संचालन गरी खण्डीकृत आधार तयार गर्न संघीय तथा स्थानीय सरकार समेतको समन्वयमा "**किसान सूचिकरण कार्यक्रम**" संचालन गरिनेछ। यसका लागि सहयोग गर्न रु. ९४ लाख बजेट विनियोजन गरेको छु। यसबाट कृषकको तथ्याङ्कीय आधार विकास हुने अपेक्षा गरेको छु।

१०. प्राकृतिक प्रकोप (बाढी, डुबान, खडेरी, आँधी बेहरी), कीरा तथा रोगबाट हुने हानी नोक्सानीबाट कृषि तथा पशुपन्छीको क्षेत्रमा हुने हानी नोक्सानीमा जोखिम न्यूनीकरणका गर्न विपद व्यवस्थापन तथा राहत कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु। यसबाट प्राकृतिक प्रकोप प्रतिकार्य योजनामा सहयोग पुग्ने विश्वास लिएको छु।

११. गुणस्तरिय मासु उत्पादनका लागि बाखा, ग्रामिण कुखुरा, कालिज, बंगुर तथा भैसीपालन कार्यक्रम संचालनका लागि रू. ३० करोड विनियोजन गरेको छु।

१२. व्यवसायिक मत्स्यपालन मार्फत माछामा प्रदेशलाई आत्मनिर्भर बनाउनका लागि मत्स्य विकास फार्म गेटाको क्षमता विकास गरी प्रदेशका लागि आवश्यक भुराको उत्पादन, कैलाली र कन्चनपुर जिल्लामा नयाँ पोखरी निर्माणका साथै प्राकृतिक जलाशयमा माछाको उत्पादकत्व वृद्धिका लागि रू. ५ करोड विनियोजन गरेको छु। यसबाट मत्स्य ब्यवसायको प्रबर्द्धन बजारीकरणमा ठोस योग्दान भई यस क्षेत्रमा प्रदेश आत्मनिर्भर हुने विश्वास लिएको छु।

१३. संघीय सरकारको दुई वर्षमा खोरेत रोग उन्मुलन गर्ने राष्ट्रिय लक्ष्य अनुरुप **प्रादेशिक खोरेत नियन्त्रण रणनीतिक योजना तर्जुमा तयारी तथा कार्यान्वयन (Strategic Control Plan )** का लागि

रु. १५ लाख विनियोजन गरेको छ। यसबाट खोरेत उन्मुलनको राष्ट्रिय लक्ष्य पुरा हुने विश्वास लिएको छ।

१४. प्रदेशस्तरमा पशुपन्छी रोग नियन्त्रण सहयोग कार्यक्रम अन्तर्गत खोप, सिरिन्ज, निडल कोल्डचेन, लजिष्टिक व्यवस्थापन रोग नियन्त्रण तथा खोप कार्यक्रमहरु संचालन गर्नको लागि रु. ४ करोड १९ लाख विनियोजन गरेको छ। यसबाट पशुपालन ब्यवसाय थप ब्यवस्थित र ब्यवसायिक हुने विश्वास लिएको छ।

१५. सडकमा छोडिएका पशुको कारण सडक दुर्घटना र शहरी सौन्दर्यमा परेको असर कम गर्न तथा पशु कल्याण प्रवर्धनका लागि स्थानीय तहको लागत साझेदारीमा गौशाला निर्माणका लागि रु. १ करोड ७५ लाख विनियोजन गरेको छ। यसबाट छाडा चौपायाको ब्यवस्थापन हुने विश्वास लिएको छ।

१६. घाँसमा आधारित पशुपालन गर्न एकवर्षे, बहुवर्षे घाँसको नर्सरी र घाँसेवाली श्रोत केन्द्र स्थापनाको लागि रु. २ करोड विनियोजन गरेको छ।

१७. कृषिमा जलवायू परिवर्तनको असर न्युनिकरण तथा समायानुकुल कृषि प्रणालीको विकास संरक्षरण तथा प्रबर्द्धन गर्न जलवायूमैत्री नमुना गाउँ कार्यक्रम संचालन गरिदै लगिनेछ। कृषि तथा पशु विमा कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिएको छ। विपतबाट प्रभावित कृषकको लागि मागमा आधारित पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ। जलवायु परिवर्तन अनुकुलन कृषि प्रणाली विस्तार गर्न साझेदारीमा "**मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ कार्यक्रम**"का लगि रु. ९७ लाख बजेट व्यवस्था गरेको छ।

१८. सहकारीहरुलाई उत्पादन र बजारीकरण क्षेत्रमा प्रमुख साझेदारको रुपमा लगिनेछ। सहकारी क्षेत्रको क्षमता अभिवृद्धि, सुशासन प्रवर्द्धन तथा नियमनका लागि १ करोड ८ लाख बजेट विनियोजन गरेको छ। यसबाट सहकारी साझेदारीको प्रबर्द्धन हुने विश्वास लिएको छ।

**कृषि पूर्वाधार**

१९. उत्पादित कृषि वस्तु ढुवानी तथा बजारीकरण गर्न कृषि एम्बुलेन्सका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छ। कृषि एम्बुलेन्सको संचालन तथा ब्यवस्थापनको लागि कार्यविधि निर्माण गरी ब्यवस्थित गरिनेछ। पहाडी तथा हिमाली जिल्लामा उत्पादित कृषि वस्तु उत्पादन स्थलदेखि बजारसम्म निःशुल्क ढुवानी गर्नका लागि रु. २३ लाख विनियोजन गरेको छ। यसबाट कृषिजन्य वस्तुको उत्पादन र बजार प्रत्यक्ष रुपमा जोडिने विश्वास लिएको छ। लागत साझेदारिमा यान्त्रिकरण तथा कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालनका लागि रु. ३ करोड विनियोजन गरेको छ। यसको संचालन तथा ब्यवस्थापनको लागि कार्यविधि निर्माण एवं परिमार्जन गरी कार्यान्वन गरिनेछ।

२०. प्रदेश स्तरमा एकिकृत कृषि प्रयोगशाला संचालन सम्बन्धमा अध्ययन गरिनेछ। कृषि तथा पशुपंक्षि प्रसार सेवाका लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु।

२१. प्रदेश भित्र गुणस्तरिय कृषि पुर्वाधार विकासका लागि कार्यक्रम संचालन गरिनेछ। बैतडीको दशरथचन्द नगरपालिका, दार्चुलाको महाकाली नगरपालिका, डोटीको दिपायल सिलगढी नगरपालिका र कैलालीको भजनी नगरपालिकामा निर्माणाधिन कोल्ड च्याम्बर र कोल्ड स्टोरको यसै आर्थिक बर्ष भित्र निर्माण सम्पन्न गरिनेछ। फलफूल तथा तरकारी भण्डारण गर्न नयाँ कोल्ड च्याम्बर निर्माणका लागि रु. १ करोड ६० लाख विनियोजन गरेको छु।

२२. संघीय सरकारको सहयोगमा कैलाली जिल्लामा स्कीम मिल्क पाउडर प्लान्ट स्थापना कार्य यसै आर्थिक बर्षमा गरिनेछ। यसको लागि रु. १२ करोड विनियोजन गरेको छु। यसबाट **"पालौ पशुपन्छी नबनौ अल्छी"** भन्ने नाराको सार्थकतामा सघाउ पुग्ने विश्वास लिएको छु।

२३. स्वच्छ तथा स्वस्थ माछा, मासु तथा दुध उपलब्ध गराउनका लागि मासु पसल/डेरी पसल निर्माण तथा सुधार गर्न रु. २ करोड १७ लाख विनियोजन गरेको छु।

<u>कृषि अनुदान तथा सहुलियत</u>

२४. विपन्न दलित, मुक्त कमैया, कमलरी, हलिया, अपाङ्गता, एकल महिला लगायत लक्षित वर्गहरुको जीविको पार्जन सुधार गर्न लागि आवश्यक रकम विनियोजन गरेको छु। कृषि अनुदानलाई उत्पादनमा आबद्ध गरी लक्षित वर्गसम्म प्रवाह हुन कार्यविधिमा आवश्यक परिमार्जन गरिनेछ।

२५. प्रदेशमा कृषि क्षेत्रको उत्पादन लागत घटाई आम कृषकहरुको आम्दानी अभिबृद्धि गर्न बीउविजन, बेर्ना, रासायनिक तथा प्रांगारिक मल, माछा भूरा, कृषि ऋणको ब्याज र विद्युत महशुलमा सहुलियतको व्यवस्था मिलाएको छु। कृषि तथा पशुपन्छी ऋणको व्याज अनुदानका लागि रु. ८ करोड ७८ लाख विनियोजन गरेको छु। यसको लागी कार्यविधिमा थप परिमार्जन गरी कार्यान्वयन गरिनेछ।

२६. दूध उत्पादन वृद्धि, बजारीकरण र वितरण प्रणाली सुधार गर्न व्यवसायिक गाई र भैसी पालन प्रवर्द्धन तथा मध्य पहाडी लोकमार्गमा दूध उत्पादनका लागि आवश्यक बजेट विनियोजन गरेको छु। प्रदेशका दुग्ध उद्योग प्रवर्द्धनका लागि पाश्चराइजर, प्याकेजिङ मेसिन, चिलिङ भ्याट, मिल्क एनालाइजर जस्ता यन्त्र उपकरणहरुमा सहयोग कार्यक्रमका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

**<u>भूमि व्यवस्था तथा भू-उपयोग</u>**

२७. नापी तथा मालपोत कार्यालयहरुको अभिलेख ब्यवस्थापन र सुदृढीकरणका लागि रु. ५० लाख विनियोजन गरेको छु। यसबाट नापी तथा मालपोत प्रशासन सूचनामैत्री हुने विश्वास लिएको छु।

२८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको लागि रु. २ अर्ब ९१ करोड ६८ लाख विनियोजन गरेको छु।

**<u>उद्योग, वाणिज्य तथा आपूर्ति</u>**

२९. उधोग प्रशासनलाई आधुनिक र सेवामैत्री बनाउन र सुचना प्रविधि मैत्री बनाउन र सुचना प्रविधिमैत्री बनाउदै लगिनेछ। स्थानिय सम्भावना र विशिष्टताको आधारमा **"एक जिल्ला एक उद्योग प्रवर्द्धन कार्यक्रम"** संचालन गरिनेछ। यसका लागि रु. १ करोड ८० लाख विनियोजन गरेको छु। यसबाट स्थानीय विशिष्टतामा आधारित उद्योगको प्रवर्द्धन हुने विश्वास लिएको छु। साथै घरेलु तथा साना उद्योगबाट उत्पादित सामाग्री विक्री केन्द्र निर्माण तथा संचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु।

३०. महिला आदिवासी जनजाती राउटे दलित अपाङ् द्रद्धपिडित शशस्त्र संघर्ष तथा जनआन्दोलनका घाईते सहिद परिवार एकल महिला जस्ता लक्षित वर्गको उत्थान र विकास गरी आत्मनिर्भरको विकास गर्न **"दशरथ चन्द सीपमुलक र क्षमता अभिवृद्धि कार्यक्रम"** संचालन गरिनेछ। यसको लागि आवश्यक रकम विनियोजन गरेको छु। यसबाट लक्षित वर्गको उत्थान तथा विकास हुने विश्वास लिएको छु।

३१. भगत सर्बजित, आरन लगायत परम्परागत सिप र प्रविधिमा आधारित उद्योगको स्तरोन्नतिको लागि रु. आवश्यक रकम विनियोजन गरेको छु। साथै उद्यमशिलता सम्बन्धी तालिम लिई उद्योग स्थापना र सञ्चालन गर्न इच्छुक रहेका आर्थिक अवस्था कमजोर भएका उद्यमीहरुलाई प्रविधि हस्तान्तरणको लागि आवश्यक ब्यवस्था मिलाएको छु।

३२. **"उद्यमी युवा विकासमा टेवा विकासमा टेवा"** भन्ने मूल नाराका साथ युवाहरुमा सकारात्मक सोंच, सीप, दक्षता, उद्यमशिलता विकास गर्न Business Incubation Centre को स्थापना र संचालनको लागि आवश्यक रकम विनियोजन गरेको छु। यसबाट नवपर्वतनको विकास हुने विश्वास लिएको छु।

३३. कालाबजारी नियन्त्रणका लागि बजार अनुगमन तथा उपभोक्ता हित तथा अधिकार सम्बन्धी सचेतनाका लागि आवश्यक रकम विनियोजन गरेको छु।

३४. प्रदेश अन्तरगतका विभिन्न जिल्लामा उन प्रशोधन, हाते कागज उद्योग, गलैंचा उद्योग, फाइबर व्याग उद्योग, सस उद्योग, आलु चिप्स उद्योग, गुड उद्योग तथा मसलाजन्य उद्योगको प्रवर्द्धनको लागि आवश्यक रकम विनियोजन गरेको छु।

३५. उद्यमशिलता तालिमका माध्यमबाट नयाँ उद्यमी सिर्जना गर्नका लागि आवश्यक रकम विनियोजन गरेको छु। विदेशबाट फर्किएका उद्यम गर्न चाहने युवाहरुको लागि सिप विकास तालिम तथा प्रविधि हस्तान्तरणको लागि आवश्यक रकम विनियोजन गरेको छु।

**पर्यटन प्रवर्धन तथा विकास**

३६. सुदूरपश्चिम प्रदेशमा रहेका प्रमुख पर्यटकीय क्षेत्रहरु बडिमालिका, खप्तड, रामारोशन, मालिकार्जुन, गोदावारीधाम, शुक्लाफाँटा, शैलेश्वरी मन्दिर, अपि, सैपाल, बेहडाबाबा, अजयमेरुकोट, महाभारतलेक, बडिकेदार, बैद्यनाथ धाम, भम्केनी धाम, घोडाघोडी ताल, उग्रतारा मन्दिर, शुर्मादेवी, टिकापुर पार्क, मेलौली भगवती, त्रिपुरा सुन्दरी, गर्भा दरबार, सिगास धाम, बतासे झरना लगायत **ठुला धाम पर्यटन पूर्वाधार विकास विस्तार र प्रवर्द्धनको** लागी रु. १३ करोड ५० विनियोजन गरेको छु। यसबाट प्रदेश पर्यटन विकास गुरु योजनाको कार्यान्वन भई देवभूमी सुदुरपश्चिम प्रदेशको थप प्रबर्द्धन हुने विश्वास लिएको छु।

३७. चालु आर्थिक बर्षभित्रै देवाटन धार्मिक पर्यटन र पर्यापर्यटनको लागि पर्यटक सर्किट निर्माण र **झुसे दमाई साँस्कृतिक संग्राहालय**को सम्भाब्यता अध्ययन सम्पन्न गरी कार्यान्वयनको लागी आवश्यक रकम विनियोजन गरेको छु। चालु आब भित्रै दार्चुला जिल्लामा स्व प्रेमसिंह धामी ब्यास विशेष कार्यक्रम संचालन गरिनेछ।

३८. कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिका र डोटी जिल्लाको पुर्वीचौकी गाउँपालिका अन्तरगत नक्षेत्र बाटिका तथा कैलाली जिल्लाको गौरिगङ्गामा हर्बल पार्क निर्माण लागि आवश्यक रकम विनियोजन गरेको छु।

३९. त्रिनगर नाका, गड्डाचौकी नाका र कर्णाली चिसापानी क्षेत्रमा पर्यटन सहायता केन्द्र (एएमआर गेट) सञ्चालन र व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

४०. पर्यटन प्रवर्द्धनार्थ यस प्रदेशको आकर्षणको रुपमा रहेको बाह्रसिङ्गाको मुर्ति निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४१. **"पर्यटन पूर्वाधारः समृद्ध प्रदेशको आधार"** भन्ने नाराका साथ संघ, प्रदेश र स्थानीय तह एवम् निजी क्षेत्रसँगको सहकार्यमा पर्यटन गुरुयोजना बमोजिम होटल, लज, हिल स्टेसन, डाउन हिलसाइड साइकल रुट, स्काई साइकल, बन्जी जम्प, होमस्टे, जिपलाइन, प्याराग्लाइडिङ्ग, याफ्टिङ्ग, रक क्लाइम्बिङ्ग लगायतका पर्यटन पूर्वाधारहरूको विकास गरिनेछ। संघ, प्रदेश, स्थानीय तह र निजी क्षेत्रको समन्वय र सहभागितामा पर्यटन महोत्सव तथा खप्तड क्षेत्रमा खेलकुद पर्यटन सम्बन्धि प्रतियोगिताहरु आयोजना गरिनेछ।प्रादेशिक प्रर्यटन महोत्सवको लागि रु. ५० लाख विनियोजन गरेको छु।

४२. पर्यटन विकासको माध्यमबाट रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरणका माध्यमबाट आर्थिक विकासमा टेवा पुयाउन धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र र राष्ट्रिय तथा प्रादेशिक महत्वका ताल तलैयाको संरक्षण र प्रवर्द्धन गरिनेछ।

४३. प्रदेशको कला, संस्कृति, भेषभुषा, रहनसहन र परम्परा झल्किने गरी धार्मिक, सांस्कृतिक, पुरातात्विक र ग्रामिण पर्यापर्यटन प्रवर्द्धन गर्न प्रदेशस्तरमा एकीकृत सांस्कृतिक संग्रहालय निर्माणको थालनी गरिनेछ। निर्माण सम्पन्न भएका संग्रहालयहरू सञ्चालन गर्न आवश्यक मोडालिटी तयार गरिनेछ। यसको लागी आवश्यक ब्यवस्था मिलाएको छु।

४४. पर्यटन ऐनलाई समसामयिक, व्यावसायिक र पर्यटनमैत्री बनाउन सरोकारवालाहरू समेतको परामर्शमा आवश्यक संशोधन गरिनेछ। साथै, प्रदेश सरकारको सहयोगमा निर्माण भएका पर्यटन पूर्वाधारहरूको यथोचित व्यवस्थापनका लागि हस्तान्तरण तथा सञ्चालन कार्यविधि तर्जुमा गरी हस्तान्तरण प्रक्रिया अगाडि बढाइनेछ।

४५. संभाव्यताका आधारमा आवश्यक संख्यामा **"नमूना होमस्टे"** सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।यसको लागी श्रोतको कमी हुन नदिन आवश्यक ब्यवस्था मिलाएको छु।यसको लागी कार्यविधिमा थप परीमार्जन गरिनेछ।

४६. साना धार्मिक पर्यटनका कार्यहरु तथा पदमार्ग निर्माणका कार्यका लागि स्थानीय तहहरुलाई वित्तीय हस्तान्तरण मार्फत ६१ करोड ७५ लाख विनियोजन गरेको छु।

**<u>वन वातावरण तथा जलाधार व्यवस्थापन</u>**

४७. पूर्व पश्चिम लोकमार्ग हरित उत्थानशिल आयोजना अन्तरगत जैविक विविधता तथा जलाधारको दीगो संरक्षण र विकास कार्यक्रमका लागि रु. १२ करोड ८९ लाख १७ हजार विनियोजन गरेको छु।

४८. बहुवर्षीय तथा अन्य वनजन्य विरुवा उत्पादनका लागि रु. १ करोड ६३ लाख ५० हजार विनियोजन गरेको छु।

४९. प्रदेश भित्रका जैविक विविधताको दृष्टिकोणले महत्वपूर्ण बसन्ता जैविक मार्ग, लालझाडी मोहना जैविक मार्ग, महाभारत क्षेत्र, तेलेलेक क्षेत्र र सिगास तथा ग्वाललेक क्षेत्रको जैविक विविधता संरक्षण तथा व्यवस्थापनका लागि रु. ५० लाख विनियोजन गरेको छु।

५०. मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण र वन्यजन्तुबाट हुने क्षतिको राहत वितरणका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

५१. सामुदायिक वन उपभोक्ता समूह गठन, वन हस्तान्तरण, सामुदायिक वनमा वन सम्बर्द्धन तथा सुशासन सम्बन्धी अभ्यासका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

५२. नदी उकास जग्गामा वृक्षारोपण तथा वन पुनस्थापना कार्यका लागी रु. १ करोड ५० लाख विनियोजन गरेको छु।

५३. स्थानीय, रैथाने, लोपोन्मुख प्रजाति र उच्चमूल्यका जडिबुटी तथा गैरकाष्ठ वन पैदावारका बिरुवा उत्पादन र वृक्षारोपणमा जोड दिइनेछ। जडिबुटीको पकेट क्षेत्र पहिचान गरी जडिबुटीको दिगो सङ्कलन, प्रशोधन र बजारीकरणका माध्यमबाट मूल्य अभिवृद्धि शृङ्खलाको कार्यक्रम अगाडि बढाइनेछ। साथै, चिउरी, टिमुर, रिष्ठा, नीम, ओखर, डालेचुक जस्ता खेतीको संरक्षण, सम्वर्द्धन एवम् विस्तारमा जोड दिइनेछ। संघसँगको समन्वयमा सेन्टर अफ एक्सेलेन्सको अवधारणा अनुरूप हुने गरी जडीवुटी अनुसन्धान तथा प्रशोधन कार्य अगाडि बढाइनेछ।

५४. जडीबुटी संरक्षण व्यवस्थापन विरुवा उत्पादन र विस्तारको लागि रु. २ करोड ७५ लाख विनियोजन गरेको छु। अछाम जिल्लाका गाउँपालिकाहरुमा जडीबुटी प्रशोधन केन्द्र स्थापनाको लागि रु. ३ करोड विनियोजित गरेको छु। यसबाट प्रदेशका मौलिक जडीबुटीको पहिचान, प्रवर्द्धन र बजारिकरण मार्फत उद्यमशिलताको विकास हुने विश्वा गरेको छु।

५५. वन पैदावारको सदुपयोग गरी राजश्व अभिवृद्धि गर्न र प्राप्त हुने लाभको न्यायोचित बाँडफाँट गर्ने व्यवस्था मिलाइनेछ। ढलापडा तथा सुकेका रुखहरूको सङ्कलन तथा व्यवस्थापनका लागि नीतिगत परिमार्जन कार्य तत्कालै गरिने छ। प्रदेशस्थित सार्वजनिक निकायका पूर्वाधारहरू निर्माण तथा फर्निचर उपयोग गर्दा स्वदेशी काठको प्रयोगलाई प्रोत्साहन गरिदै लगिने छ। निजी तथा पारिवारिक वनबाट उत्पादित काठ दाउराको सङ्कलन, ओसारपसार र उपयोग प्रक्रियालाई थप सरलीकृत गरिनेछ। यसका लागि रु. १ करोड ५० लाख विनियोजन गरेको छु। यसबाट प्राप्त राजस्व सङ्कलन सुदृढ हुने विश्वास लिएको छु।

५६. गरीब विपन्न तथा सिमान्तकृत वर्गलाई प्रत्यक्ष लाभ पुग्ने गरी कबुलियती वन, समूहमा आधारित कृषि वन र जिविकोपार्जन कार्यक्रमको लागि आवश्यक व्यवस्था मिलाएको छु। यसका लागि रु. ५० लाख विनियोजन गरेको छु।

५७. समुदाय वा निजी क्षेत्रलाई तोकिएको मापदण्ड बमोजिम व्यावसायिक रुपमा वन्यजन्तु पालन गर्न आवश्यक नीतिगत तथा कानूनी संरचना तत्काल तैयार गरी कार्यान्वयन गर्दै लगिनेछ।

५८. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि प्रवर्द्धनात्मक, उपचारात्मक र निरोधात्मक उपायहरू अवलम्बन गरिनेछ। साथै, वन्यजन्तु उद्दारका लागि साधनस्रोत सहितको वन्यजन्तु उद्दार टोली गठन गरी परिचालन गरिनेछ। समुदायमा आधारित वन्यजन्तु उद्दार केन्द्र स्थापना गर्न वन समूहहरूलाई प्रोत्साहन गरिनेछ।

५९. वन क्षेत्रमा हुनसक्ने अतिक्रमणलाई समयमै रोकथाम गरी विगतमा भएका अतिक्रमण समेतलाई क्रमशः हटाइनेछ। वन क्षेत्रसँग सम्बन्धित सरोकारवालाहरूको संलग्नतामा वन क्षेत्र सुरक्षा तथा अतिक्रमण नियन्त्रण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ।

६०. जलवायु परिवर्तन अनुकूलन र कार्बन उत्सर्जन न्यूनीकरणबाट प्राप्त हुने लाभलाई हरित अर्थतन्त्र प्रवर्द्धन गर्ने गरी उपयोग र व्यवस्थापन गरिनेछ। स्थानीय तह तथा विकास साझेदारहरूको सहकार्यमा जलवायु उत्थानशील पारिस्थितीय प्रणालीमा आधारित अनुकुलन

कार्यक्रम सञ्चालन गरिनेछ। वर्षातको पानी संकलन तथा व्यवस्थापन प्रणालीमा जलवायु उत्थानशीलता सुनिश्चित गर्न परम्परागत ज्ञान, अभ्यास र स्थानीय स्रोतहरूलाई उपयुक्त प्रविधिहरूसँग एकीकृत गरिनेछ।

६१. सबै सामुदायिक वन उपभोक्ता समूहमा सुशासन अभिवृद्धि गरी आर्थिक अनुशासन कायम गर्न दोहोरो लेखा प्रणाली कायम गर्ने गरी सुधारका कार्यक्रम कार्यान्वयन गरिनेछ।

६२. वन सम्पदाको संरक्षणमा चुनौतीका रुपमा रहेको वन डढेलो नियन्त्रणका लागि सम्बन्धित सरोकारवालाहरूको क्षमता अभिवृद्धि र आवश्यक उपकरणहरूको व्यवस्था गरी समन्वयात्मक रुपमा परिचालन, सामाग्री खरिद र वन डढेलो कार्ययोजना कार्यान्वयन को लागी रु. १ करोड विनियोजन गरेको छु।

## भू तथा जलाधार व्यवस्थापन

६३. संवेदनशिलताको आधारमा जलधार क्षेत्रको पहिचान एवं प्राथमिकीकरण गरी एकीकृत जलाधार योजना तयार गरी क्रमश कार्यान्वयन गर्दै लगिने छ। भू तथा जलाधार व्यवस्थापन अन्तरगत पहिरो तथा गल्छि नियन्त्रण, तटबन्ध निर्माण, पानी मुहान संरक्षण, संरक्षण पोखरी निर्माण, बाँस रोपण, बायो इञ्जिनियरिङ्ग लगायतका कार्यका लागि आवश्यक रकम विनियोजन गरेको छु।

६४. आकस्मिक रुपमा आइपर्ने भूक्षय तथा जल उत्पन्न प्रकोप सम्बन्धी समस्या समाधानका लागि कार्यका लागि विपद ब्यवस्थापन समितिको सिफारिसमा कार्यान्वयन गर्ने गरी आवश्यक ब्यवस्था मिलाएको छु।

६५. चुरे क्षेत्रको संवेदनशिलतालाई सम्बोधन हुने गरी चुरे तराई मधेश संरक्षण तथा ब्यवस्थापन गुरुयोजनाले परिलक्षित गरेका कार्यक्रमहरुलाई सहकार्य र साझेदारीको आधारमा कार्यान्वयनमा लाने ब्यवस्था मिलाएको छु।

६६. उद्योग, पर्यटन, बन तथा वातावरण मन्त्रालयको लागि रु. १ अर्ब ८९ करोड ८० लाख विनियोजन गरेको छु।

## सडक पूर्वाधार विकास

६७. विकास आयोजनाहरूलाई निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गर्न रेपिड एप्रिजल पछि मात्र कार्यान्वयन हुने गरी प्राथमिकताका आधारमा आयोजना छनोट मार्फत मात्र कार्यान्वयन हुने गरी आवश्यक व्यवस्था मिलाएको छु। यसका लागि रु. २ करोड ५० लाख विनियोजन गरको छु।

६८. आयोजनाको लगानी र प्रतिफललाई सुनिश्चित गर्नका लागि "**आयोजना जीवन चक्र**"को अवधारणामा आयोजनाको पूर्व तयारी, निर्माण चरण र निर्माण पश्चात् व्यावसायिक योजना

सहित दिगो सञ्चालन र व्यवस्थापनको लागि आवश्यक नीतिगत परिमार्जन गर्ने गरी ब्यवस्था मिलाएको छु।

६९. विकास र वातावरण वीच सन्तुलन कायम गर्न पूर्व वातावरणीय अध्ययन प्रतिवेदन र स्वीकृतीको प्रक्रियालाई अनिवार्य गर्ने कानुनी ब्यस्थालाई कार्यान्वियन गर्न आवश्यक ब्यवस्था मिलाएको छु।

७०. प्रदेश गौरव र बहुवर्षीय आयोजनाहरूको निर्माण सम्पन्न गर्न सडक तथा सडक पुल पूर्वाधारको गत विगतको करारिय दायित्व र प्रदेश सरकारको स्रोत सीमिततालाई मध्यनजर गर्दै उच्च प्राथमिकतामा राखेको छु। यसको लागी श्रोत अभाव हुन नदिन आवश्यक ब्यवस्था मिलाएको छु।

७१. हालसम्म पनि सडक सञ्जालसँग नजोडिएका बझाङ्गको साईपाल, बैतडीको सिगास र दार्चुलाको अपि हिमाल गाउँपालिकाको केन्द्र जोड्ने सडकलाई उच्च प्राथमिकता दिई निर्माण कार्य अगाडि बढाउन आवश्यक बजेट विनियोजन गरेको छु। साथै, सडक सञ्जाल नपुगेका दुर्गम एवम् ग्रामीण क्षेत्रमा आधारभुत सेवालाई सहज र पहुँचयोग्य बनाउन झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिएको छु।

७२. सडक दुर्घटना न्यूनीकरणका लागि आवश्यक नीति तथा सडक सुरक्षा योजना तर्जुमा गरी उपयुक्त प्रविधिको प्रयोगलाई कार्यान्वयनमा ल्याइनेछ। प्रदेशबाट निर्माण भएका सडकको नियमित र आवधिक मर्मत सम्भारको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७३. राजमार्ग तथा सहायक राजमार्गदिखि स्थानीय तहको केन्द्रसम्म सडक सञ्जाल विस्तार नभएका स्थानीय तह र बाह्रै महिना यातायात सञ्चालन हुन नसक्ने स्थानीय तहको केन्द्रलाई नजिकको राजमार्ग तथा सहायक राजमार्गसँग जोड्ने र स्थानीय तहको सडक सञ्जालसँगको पहुँच विकास गरी आगामी पाँच वर्षभित्र खण्डास्मित एवम् कालोपत्रे गर्ने व्यवस्था मिलाएको छु। यसका लागि नेपाल सरकार र स्थानीय तहसमेतको लागत साझेदारीमा **प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना** सञ्चालन गर्न रू. ७० करोड ६४ लाख विनियोजन गरेको छु।

७४. धनगढी बजारको मूल सडकको कैलाली पुलदेखि हुलाकी सडकसम्मको खण्डलाई सहरी सडकमा स्तरोन्नति गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी निरन्तरता दिएको छु। यसको लागि रु. १० करोड विनियोजन गरेको छु।

७५. योजना छनौट तथा विश्लेषण प्रणालीलाई वैज्ञानिक र वस्तुगत बनाई पञ्चबर्षिय योजना, वार्षिक बजेट, नीति तथा कार्यक्रम र आयोजना वैंकको अवधारणालाई रणनैतिक रुपमा अग्र तथा पृष्ठ सम्वन्ध स्थापना गर्न आवश्यक नीतिगत सुधार गरी चालु आर्थिक वर्षबाटै कार्यान्वयन गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखेको छु। यसबाट समग्र आयोजना शुशासन कायम हुने कुरामा विश्वस्त छु।

७६. प्रदेश गौरवका आयोजना र बहुबर्षिय आयोजनाहरुको आवश्यकता र औचित्यको आधारमा असर र प्रभाव समेतको विश्लेषण गरी सान्दर्भिकताको परीक्षण गर्न यसै आर्थिक वर्षबाट शुरु गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु।

७७. आयोजनाको छनौट देखी कार्यान्वयन एवं अनुगमन मूल्याङ्कनसम्म माननीय सदस्यहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आवश्यक नीतिगत व्यवस्थाको परिमार्जन तत्कालै शुरु गर्ने गरी आवश्यक व्यवस्था मिलाएको छु।

<u>उर्जा, सिँचाई तथा नदी नियन्त्रण</u>

७८. प्रदेशको खाद्य सुरक्षालाई प्राथमिकतामा राखी कैलाली र कञ्चनपुर जिल्लाको खेतीयोग्य जमिनमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध गराउन भूमिगत र सतही जलस्रोतको संयोजनात्मक उपयोग हुने गरी सिँचाई संरचनाहरू निर्माण, मर्मत तथा व्यवस्थापन गर्दै जलवायु अनुकूलित सिँचाईमा विशेष जोड दिन रु. ७६ करोड ४४ लाख विनियोजन गरेको छु। यसबाट सिंचाई सुविधामा थप विस्तार भई उत्पादन र उत्पादकत्वमा वृद्धि हुने विश्वास लिएको छु।

७९. जलवायु परिवर्तनका कारण सतही स्रोतहरूको क्षमतामा हुँदै गरेको ह्रासलाई मध्यनजर गर्दै जलस्रोतको पुनर्भरण, स-साना जलासययुक्त बहुउद्देश्यीय आयोजना र सोलार तथा बिजुली पम्पिङ्ग आयोजनाबाट सिँचाई सेवा सुनिश्चित गर्न आवश्यक रकम विनियोजन गरेको छु।

८०. जलस्रोतको पुनर्भरण र स्थानीय तहसँगको सहकार्यमा प्रत्यक्ष रूपमा उत्पादन र रोजगारीलाई टेवा दिने गरी कृषि तथा वन क्षेत्रसँगको सहकार्यमा कृषि तथा सिँचाईलाई प्रोत्साहन गर्न रू. १७ करोड ४८ लाख वित्तीय हस्तान्तरण मार्फत स्थानीय तहलाई प्रदान गरेको छु। यसबाट साझेदारी थप प्रबर्द्धन हुने विश्वास लिएको छु।

८१. प्रदेश सरकारले सार्वजनिक निजी साझेदारी मार्फत जलविद्युत निर्माणलाई सुरूवात गर्न आवश्यक व्यवस्था मिलाएको छु। यसका लागि रु. १ करोड विनियोजन गरेको छु।

८२. निर्माण सम्पन्न भएका सिँचाई आयोजनाहरूको दिगो सञ्चालन तथा व्यवस्थापनको लागि व्यावसायिक योजना तयार गरी संस्थागत सुधार, क्षमता विकास र सुशासन अभिवृद्धि गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८३. उज्यालोबाट वञ्चित ग्रामीण तथा दुर्गम क्षेत्रका स्थानीय तहसँगको सहकार्यमा वैकल्पिक एवम् नवीकरणीय ऊर्जा सम्बन्धी कार्यक्रम सञ्चालन र विस्तार कार्यक्रमलाई आवश्यकताका आधारमा निरन्तरता दिइने छ। सोका लागि रु. २ करोड विनियोजन गरेको छु।

८४. जलउत्पन्न प्रकोप व्यवस्थापनका लागि नदी नियन्त्रण तथा व्यवस्थापनको उपयुक्त प्रविधि प्रयोग गरिनेछ। प्राकृतिक प्रकोपबाट जोखिममा परेका वस्ती लगायत अन्य संरचना संरक्षण गर्ने कार्यलाई विशेष प्राथमिकता दिइनेछ। जमिन उकास हुने गरी कान्द्रा, बनारा, चौधर र मछेली

नदीमा नदी नियन्त्रण लगायत सिँचाई, खानेपानी सुधारसहितको एकीकृत पूर्वाधार निर्माण तथा संरक्षण कार्यको निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

८५. प्रदेशका नदीहरूमा बाढीको कारणबाट भइरहेको जग्गा कटानलाई नयाँ प्रविधिमा आधारित एकीकृत नदी नियन्त्रण तथा व्यवस्थापन मार्फत सार्वजनिक तथा व्यक्तिगत सम्पत्ति र खेतीयोग्य जमिनको संरक्षण गरी जग्गा उकासका नीति अनुरूप सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

<u>खानेपानी तथा सरसफाई</u>

८६. सबैका लागि सुरक्षित खानेपानी सुनिश्चित गर्न **जलाधार देखि उपभोक्ताको धारासम्म पानी सुद्धिकरणको कार्यक्रम** सञ्चालन गरिनेछ। खानेपानी सेवाको गुणस्तर सुधार गरी खानेपानी सेवा विस्तार गर्न समुदायमा आधारित खानेपानी आयोजनाहरू, सामुदायिक विद्यालय एवम् स्वास्थ्य संस्थामा खानेपानी गुणस्तर सुधार कार्यक्रमलाई विशेष प्राथमिकता दिई सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

८७. खानेपानी तथा सरसफाई आयोजनाको सञ्चालन, व्यवस्थापन तथा मर्मत सम्भारको लागि नीतिगत व्यवस्था गरिनेछ। भुमिगत जलसतह तथा पानीका सतही स्रोतहरू घट्दै गइरहेका क्षेत्रहरू तथा खानेपानीबाट वञ्चित विपन्न वस्तीहरूमा खानेपानी आपूर्तिको विशेष व्यवस्था गर्न आवश्यक व्यवस्था मिलाएको छु।

८८. स्थानीय तह र अन्य सरोकारवाला संघ संस्थासँगको समन्वय तथा साझेदारीमा **"फोहरमैला व्यवस्थापन र प्रशोधन सम्बन्धी स्वच्छता कार्यक्रम"** अगाडि बढाउन आवश्यक रकम विनियोजन गरेको छु।

८९. हालसम्म उपलब्ध भएको आधारभूत खानेपानी सेवाको गुणस्तर सुधार गरी मध्यम तथा उच्चस्तरको खानेपानी सेवा पुऱ्याउन आयोजना स्तरोन्नतिका कार्यक्रम निरन्तरता दिएको छु।

९०. संघ तथा स्थानीय तहसँगको सहकार्यमा प्रादेशिक खानेपानी तथा सरसफाई गुरूयोजना तयार गरी कार्यान्वयन गर्न बजेटको व्यवस्था गरेको छु।

९१. स्थानीय तहसँगको सहकार्यमा वित्तीय हस्तान्तरण मार्फत खानेपानीका स्रोतहरूको संरक्षण र पुनर्भरण कार्यक्रमको लागि आवश्यक बजेट स्थानीय तहलाई हस्तान्तरण हुने व्यवस्था गरेको छु।

<u>आवास, सहरी विकास तथा भवन निर्माण</u>

९२. हिमाली तथा पहाडी जिल्लाबाट हुने बढ्दो बसाइँसराईलाई न्यूनीकरण गर्न शहरोन्मुख गाउँमा **"प्रदेश प्रमुख एकीकृत वस्ती विकास परियोजना"** कार्यको अध्ययन गरी क्रमश कार्यान्वयनको लागी आवश्यक बजेट व्यवस्था गरेको छु।

९३. स्थानीय तहसँगको साझेदारीमा **स्मार्ट शौचालय** निर्माण कार्यको लागि आवश्यक ब्यवस्था मिलाएको छु। यसको लागी आवश्यक रकम विनियोजन गरेको छु।

९४. प्रदेश भित्रका उत्पिडित, पिछडिएका बर्ग, क्षेत्र, जातजातिको पुनर्स्थापना तथा व्यवस्थित बसोबासको सुनिश्चितताका लागि जनतासँग मुख्यमन्त्री जनता आवास कार्यक्रम सञ्चालनमा ल्याईनेछ।

९५. कैलालीको लम्कीचुहामा अत्याधुनिक सभाहल तथा सग्राहालय अगामी बर्षमा सम्पन्न हुने गरी रु. १० करोड विनियोजन गरेको छु। कन्चनपुर स्थित **Center for excellency** प्रयोगशाला स्थापना गर्न आवश्यक विनियोजन गरेको छु

<u>यातायात व्यवस्था</u>

९६. सार्वजनिक यातायात सेवालाई सर्वसुलभ, पहुँचयोग्य, सुरक्षित, भरपर्दो र नयाँ प्रविधियुक्त बनाउन प्रदेश यातायात तथा सवारी व्यवस्थापन सम्बन्धी नियमावली, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमाको लागि आवश्यक व्यवस्था मिलाएको छु।

९७. सवारी साधन र चालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाइजेसन र अर्काइभिङ्ग गरिनेछ।यातायात व्यवस्थालाई सूचना प्रविधिमैत्री बनाई चालक अनुमतिपत्र, सवारी साधन दर्ता, नवीकरण र राजस्व भुक्तानी लगायतका सेवाहरू अनलाइन प्रणालीबाट सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

९८. सवारी साधन र सवारीचालक अनुमतिपत्र सम्बन्धी अभिलेखको डिजिटाईजेसन र आर्काईभिङ्ग गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

९९. सडक पूर्वाधार, उर्जा, सिँचाई तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाई, आवास सहरी विकास तथा भवन निर्माण र यातायात व्यवस्था क्षेत्रको कार्यक्रम कार्यान्वयन गर्नको लागी आवश्यक रकम विनियोजन गरेको छु।

१००. सडक पूर्वाधार, ऊर्जा, सिँचाई तथा नदी नियन्त्रण, खानेपानी तथा सरसफाई, आवास, सहरी विकास तथा भवन निर्माण र यातायात व्यवस्था क्षेत्रको कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु. १४ अर्ब ५९ करोड ७८ लाख विनियोजन गरेको छु।

<u>शिक्षा क्षेत्र</u>

१०१. प्रदेश स्थानीय तह र गैर सरकारी संस्थाको साझेदारीमा गरिब, विपन्न, सहिद, बेपत्ता र घाइते परिवार, अपाङ्ग, महिला, दलित, मुक्त कमैया, कम्लरी, हलिया र सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार लगायत विद्यार्थीलाई अनिवार्य शिक्षामा पहुँच स्थापित गर्न **"अनिवार्य शिक्षा कार्यक्रम"** संचालनका लागि रु. १ करोड ७६ लाख विनियोजन गरेको छु।

१०२. **"जयपृथ्वी बहादुर सिंह शैक्षिक पूर्वाधार विकास तथा विद्यालय शिक्षा गुणस्तर** सुधार **कार्यक्रम"** मार्फत विद्यालय शिक्षामा पहुँच वृद्धि, गुणस्तर सुधार, शैक्षिक पूर्वाधार निर्माण र सिकाई उपलब्धि सुधारका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि रु. ९० लाख विनियोजना गरेको छु।

१०३. प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा मापदण्ड तयार गरी एक/एक वटा विद्यालय छनोट गरी नमूना विद्यालयका रूपमा विकास गर्दै लगिनेछ। यस कार्यक्रमका लागि रु. ५४ करोड विनियोजन गरेको छु। त्यसै गरि विद्यालय मर्मत, खेलकुद मैदानका लगाएतका लागी रु. ३६ करोड विनियोजन गरेको छु।

१०४. प्रदेशभित्रका प्राकृतिक स्रोत एवम् स्थानीय सम्भावनाहरूको अध्ययन अनुसन्धान गरी प्रदेशको आर्थिक विकासमा टेवा पुऱ्याउन तथा दक्ष प्राविधिक जनशक्तिको उत्पादन गर्नका लागि आवश्यक कानुन बनाई **"सुदूरपश्चिम प्रदेश, टिकापुर विज्ञान तथा प्रविधि विश्वविद्यालय स्थापना"**का लागि रु. ५ करोड विनियोजन गरेको छु।

१०५. प्रत्येक स्थानीय तहमा एक/एक वटा बालविकास केन्द्रलाई नमूना बालविकास केन्द्रको रूपमा विकास गर्ने कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिएको छु। यसको लागि रु. ८८ लाख विनियोजन गरेको छु।

१०६. प्रदेश भित्रका सामुदायिक क्याम्पसहरुको सुदृढीकरणका लागी क्याम्पसहरुको कार्य सम्पादनका आधारमा प्रोत्साहन अनुदानको ब्यबस्था गरेको छु।

१०७. Virtual विधिबाट एउटा विद्यालयको कक्षा कोठामा भै रहेको अध्यापनमा अन्य सामुदायिक विद्यालयका विद्यार्थी समेत सहभागी गराई शैक्षिक गुणस्तरलाई सुधार गर्न नौ जिल्लाका नौ वटा सामुदायिक विद्यालयहरुलाई सुचना प्रविधि मार्फत संजालीकरण गरिनेछ। यसका लागी रु. ३ करोड विनियोजन गरेको छु।

१०८. बालबालिकाको स्वास्थ्य तथा पोषण अवस्थाको सुधार गर्न स्थानीय उत्पादनमा आधारित विद्यालय दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्न डोटी जिल्लाको पुर्वीचौकी गाउँपालिका, बैतडी जिल्लाको डिलासैनी गाउँपालिका र कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिका को लागि रु. ९ करोड विनियोजन गरेको छु।

१०९. बौद्धिक अपाङ्गता भएका बालबालिकाहरूको शिक्षामा सहज पहुँचका लागि कञ्चनपुरको बेलौरीमा सुविधायुक्त आवासीय विद्यालय सञ्चालनमा ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु। बादी समूदायका छात्रछात्राहरूको प्राविधिक शिक्षा र उच्च शिक्षामा पहुँच वृद्धि गर्न **"बादी उत्थान छात्रवृत्ति कार्यक्रम"**लाई निरन्तरता दिएको छु।

११०. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको गुणस्तर र सान्दर्भिकता अभिवृद्धि गर्न प्राविधिक शिक्षा प्रदायक शैक्षिक संस्थाहरूको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। पूर्वसिकाईको मान्य विधिबाट सीप परीक्षण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूका लागि "**वृत्तिमार्ग निर्देशन सम्बन्धी कार्यक्रम**" सञ्चालन गरिनेछ।

१११. गरिब, विपन्न, सहिद, बेपत्ता र घाइते परिवार, अपाङ्ग, महिला, दलित, मुक्त कमैया, कम्लरी, हलिया र सीमान्तकृत वर्गका छात्रछात्रा तथा जेहेन्दार विद्यार्थीलाई उच्च शिक्षा, चिकित्सा शिक्षातर्फको एम.बि.बि.एस र विषेशज्ञ चिकित्सा अध्ययन गर्न छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिईएको छु। चालु आर्थिक बर्ष देखी प्राविधिक शिक्षा अध्ययन गर्ने छात्राहरुलाई समेत छात्रबृति प्रदान गर्ने कार्यक्रम अगाडी बढाईने छ। यसका लागि रु. ५ करोड ८० लाख विनियोजन गरेको छु।

११२. उच्च शिक्षामा पहुँच विस्तारसँगै गुणस्तरमा सुधार गर्न कार्यसम्पादनका आधारमा सामुदायिक क्याम्पसहरू, प्राविधिक शिक्षा र विज्ञान विषय पठन-पाठन गराई रहेका विद्यालयहरूका लागि अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिएको छु। यस कार्यक्रमका लागि रु. ४ करोड विनियोजन गरेको छु।

११३. विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि, विद्यालय छोड्ने दर न्यूनीकरण र मानसिक स्वास्थ्य प्रवर्धनका लागि गैरसरकारी संघसंस्था र स्थानीय तहसँगको सहकार्यमा विद्यालय मानसिक स्वास्थ्य कार्यक्रमलाई अभियानका रूपमा सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

## भाषा, संस्कृति, साहित्य तथा कला

११४. प्रदेशभित्रका विभिन्न जातजाति, भाषा, धर्म, संस्कृति, कला-साहित्यको पहिचान, उत्थान, संरक्षण र विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

११५. प्रदेशको भाषा तथा सँस्कृतिको प्रचार प्रसार तथा प्रवर्धनका लागि "**पहलमान सिहं स्वाँर साहित्य तथा सँस्कृति सम्मेलन**" आयोजनाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

११६. प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका सम्पदाहरूको खोज र अन्वेषण गरी अभिलेखीकरण गरिनेछ। स्थानीय तहसँगको सहकार्यमा "**एक जिल्ला एक पुरातात्विक सम्पदा संरक्षण कार्यक्रम**" सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

## युवा तथा खेलकूद

११७. प्रदेशभित्रका सबै जिल्लाहरूमा क्रमशः बहुउद्देश्यीय रंगशाला निर्माण र स्तरोन्नति गर्दै लगिनेछ। चालु आर्थिक वर्षमा कैलालीको टीकापुरमा निर्माणधीन टीकापुर स्पोर्टस् एकेडेमी र

कञ्चनपुरको महेन्द्रनगरमा निर्माणाधीन बहुउद्देश्यीय कभर्ड हल निर्माण सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

११८. प्रदेशभित्र र बाहिर सञ्चालन हुने खेल प्रतियोगिताहरूमा सुदूरपश्चिम प्रदेशमा छनोट प्रतियोगिता र खेलाडीहरूको सहभागिता तथा राष्ट्रिय र अन्तरराष्ट्रियस्तरका खेलकूद प्रतियोगितामा उत्कृष्ट भई पदक प्राप्त गर्ने प्रदेशका खेलाडीलाई विशेष सम्मानसहित प्रोत्साहनका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छ।

११९. क्रिकेटको शान सुदुरपश्चिमको पहिचान भन्ने नाराका साथ क्रिकेट खेलको इतिहास बोकेको दशरथचन्द क्रिकेट रंगशाला बैतडीलाई उच्च प्राथमिकतामा राखी रु. १ करोड विनियोजन गरेको छ।

१२०. खप्तड क्षेत्रलाई साहसिक खेलपर्यटन संग जोडने तथा यस क्षेत्रको थप प्रवर्द्धन गर्न चालु आवमै खेलकुद गतिविधि संचालन गर्न व्यवस्था मिलाएको छ।

१२१. दशौं राष्ट्रिय खेलकुद प्रतियोगिताको लागि रु. ४ करोड विनियोजन गरेको छ।

<u>स्वास्थ्य क्षेत्र</u>

१२२. प्रदेशका जनताका लागि गुणस्तिरय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागी प्रदेश सरकार मातहतका स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यलयहरु, अस्पतालहरु, आयुर्वेद चिकित्सालय, आयुर्वेद औषधालय, आयुर्वेद स्वास्थ्य केन्द्रहरुको सुदृढीकरणका लागी औषधी, उपकरण र जनशक्तिमा आवश्यक बजेट विनियोजन गरेको छ।

१२३. प्रदेश अन्तर्गतका अस्पताल तथा स्थानीय तहका स्वास्थ्य चौकीहरूलाई थप स्तरोन्नति र सुदृढीकरण गरी अस्पतालहरूमा फिजीयोथेरापी सेवा विस्तार गरिनेछ। कल्पसनद चिकित्सा पद्धतिको विकास र विस्तारका लागि सम्भाव्यता अध्ययन गरिनेछ।

१२४. सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल र टीकापुर अस्पतालबाट सिकेलसेल एनिमिया, थालासेमिया, हेमोफिलिया जस्ता रोगहरूको पहिचान, निदान र उपचारको व्यवस्थाका लागि **"घोरीघोरा स्वास्थ्य उपचार कार्यक्रम"** का लागि रु. ३ करोड ५० लाख विनियोजन गरेको छ। यसै गरी एकल महिला, ७० बर्ष देखी माथीका जेष्ठ नागरिक र "क" बर्गको अपाँगता भएका ब्यक्तिहरुका लागी सेती प्रादेशिक अस्पताल महाकाली प्रादेशिक अस्पताल र टिकापुर अस्सतालमा निःशुल्क स्वास्थ्य परिक्षण र उपचारको ब्यवस्था मिलाएको छ।

१२५. सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल र टिकापुर अस्पतालमा अटिज्म/डाउन सीन्ड्रम/बौद्धिक अपाँगता भएका ब्यक्तिहरुका लागी Clinic तथा परामर्श सेवा संञ्चालन गरि उपचार सेवा विस्तार गरिने छ। न्याय हेल्थ नेपालद्वारा संचालित अछामको वयलपाटा अस्पतलालाई प्रदेश मातहतको विशिष्टीकृत अस्पतालको रुपमा सञ्चालन गर्न र प्रदेश

मातहतमा ल्याउन सम्भाव्यता अध्ययन गरिनेछ। साथै उक्त अस्पतालहरुको फोहोरमैला तथा वातावरण व्यवस्थापनको लागी रु. ७ करोड ५० लाख विनियोजन गरेको छु।

१२६. प्रदेश भित्रका सबै सरकारी अस्पतालहरुमा निशुल्क रक्तसंचार सेवा सञ्चालनका लागि रु. १ करोड विनियोजन गरेको छु।

१२७. प्रदेश सभा माननीय सदस्यहरुको लागी "**स्वास्थ बिमा कार्यक्रम**"का लागी आवश्यक बजेट विनियोजन गरेको छु।

१२८. "**मुख्यमन्त्री स्वास्थ्य क्षेत्र सुधार तथा पोषण सुरक्षा कार्यक्रम**" अन्तर्गत प्रदेशमा कुपोषण न्यूनीकरण र केस व्यवस्थापन गर्न स्थानीय तहसँगको समन्वय र सहकार्यमा स्वास्थ्य संस्थामा पोषण पुनर्स्थापना केन्द्रहरू स्थापना, विस्तार र स्तरोन्नतिका लागि प्रदेश स्वास्थ्य निर्देशनालय अस्पताल र स्वास्थ्य कार्यालयहरूमा पर्याप्त बजेटको व्यवस्था मिलाएको छु।

१२९. सेती प्रादेशिक अस्पताल, महाकाली प्रादेशिक अस्पताल, टीकापुर अस्पताल, प्रादेशिक आयुर्वेद चिकित्सालय तथा मातहतका स्वास्थ्य निकायहरूको जनशक्ति व्यवस्थापन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्पन्न गरिनेछ। प्रदेश मातहत रहेका अस्पतालहरूको स्तरोन्नति र क्षमता अभिवृद्धिका लागि जनशक्ति तथा उपकरणका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१३०. प्रसुति केन्द्र र "**ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम**"लाई थप सुदृढीकरण गर्न आवश्यक उपकरणहरूको व्यवस्था गरी प्रजनन् स्वास्थ्य सम्बन्धी रोगहरू र रुग्णताको पहिचान र निदान गर्न विषेशज्ञ सहितको एकीकृत स्वास्थ्य शिविर सञ्चालनका लागि प्रदेश स्वास्थ्य निर्देशनालय र स्वास्थ्य कार्यालयहरूमा आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३१. शारीरिक रूपमा अपाङ्गता र अटिजम भएका बालबालिकाहरूका लागि स्क्रिनिङ शिविर सञ्चालन गर्न, स्थानीय तहसँगको सहकार्यमा अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना गर्न र स्थानीय तह, गैरसरकारी संघसंस्था तथा निजी क्षेत्रको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामग्री वितरण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३२. "**मेरो स्वास्थ्यः मेरो जिम्मेवारी**" भन्ने नारासहित नसर्ने तथा मानसिक रोग न्यूनीकरणका लागि स्थानीय तहसँगको समन्वयमा नसर्ने रोग सम्बन्धी योजना कार्यान्वयन गरिनेछ। नसर्ने रोग नियन्त्रण र रोकथामका लागि संघ सरकारसँगको समन्वयमा प्रदेश मातहत रहेका नागरिक आरोग्य सेवा केन्द्रहरूलाई थप व्यवस्थित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। प्रादेशिक अस्पतालहरूमा मानसिक स्वास्थ्य इकाई स्थापनाका लागि आवश्यक व्यवस्था मिलाइनेछ।

१३३. सडक दुर्घटनाबाट स्वास्थ्य क्षेत्रमा हुने क्षति न्यूनीकरण गर्न सुरक्षाकर्मीहरूलाई बेशिक लाईफ सपोर्ट र फस्ट एड जस्ता तालिम प्रदान गर्ने व्यवस्था मिलाएको छु।

## सामाजिक क्षेत्र

१३४. प्रदेशभित्रका जेष्ठ नागरिकहरूको स्वास्थ्य समस्याहरूको समयमै उचित व्यवस्थापन गर्नका लागि स्थानीय तहसँगको समन्वय र सहकार्यमा विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ। प्रादेशिक अस्पतालहरूमा रहेका जेरियाट्रीक इकाईहरूको स्तरोन्नति गरी सेवा सुदृढ गरिनेछ। सेती, महाकाली र टीकापुर अस्पतालहरूबाट एकल महिला, 'क' वर्गको अपाङ्गता भएका व्यक्ति तथा जेष्ठ नागरिकहरूलाई निःशुल्क परीक्षण र औषधी सम्बन्धी व्यवस्था मिलाएको छु।

१३५. स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संघसंस्थासँग साझेदारीमा **"सहयोगापेक्षी सडक मानवमुक्त सुदूरपश्चिम अभियान"** सञ्चालन गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

१३६. ग्रामीण क्षेत्रका सीमान्तकृत महिला, विपन्न, संकटग्रस्त, द्वन्द्व पीडित एवम् वञ्चितिमा परेका व्यक्तिहरूका लागि **"स्वर्गीय जयराज भट्ट क्षमता विकास तथा सशक्तीकरण कार्यक्रम"** सञ्चालन गरिनेछ। साथै विशेषतः थारु, बादी, राजी, सोनाहा, मुक्त हलिया, कम्लरी, मुक्त कमैया र राउटे समुदायका महिला तथा किशोरी लक्षित आर्थिक-सामाजिक कार्यक्रम सञ्चालन गरिनेछ।

१३७. प्रदेशभित्रका १० हजार किशोर किशोरीहरूलाई **"यौनजन्य हिंसा र बालविवाह विरूद्ध अभिमुखीकरण कार्यक्रम"**का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१३८. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा र दुर्व्यवहारको अन्त्यका लागि संरक्षणात्मक र निरोधात्मक उपायहरू अबलम्बन गरिनेछ। साथै, लैङ्गिक हिंसा निवारण र लागुऔषध दुर्व्यसन नियन्त्रणका लागि सुरक्षा निकायसँगको साझेदारीमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। महिलाहरूलाई उद्यम र रोजगारतर्फ प्रोत्साहित गर्न **"द्वारीका देवी ठकुरानी महिला सशक्तीकरण कार्यक्रम"** सञ्चालनका लागि रु. १ कोरड ५० लाख विनियोजन गरेको छु।

१३९. कार्यस्थलमा हुने लैङ्गिक हिंसा, कामदारहरूको व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी प्रशिक्षण तथा परामर्श, श्रमिकको स्वास्थ्य परीक्षण, उद्यमशीलताको विकास र उत्कृष्ट श्रमिक उद्यमी पहिचान गरी पुरस्कृत गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१४०. संवत् २०८१ देखि २०९० सम्मको समयलाई **"दलित अधिकार दशक घोषणा"** गरी दलितहरूको राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रको अध्ययन गरी गुरुयोजना तयार गरिनेछ। दलित विकास समिति गठन गरी दलित समुदायको परम्परागत सीप तथा व्यवसायलाई आधुनिकीकरण गर्न **"टिकाराम पार्की दलित सशक्तीकरण सीप विकास कार्यक्रम"** सञ्चालन ९ वटै सामाजिक विकास कार्यालयमा आवश्यक बजेटको व्यवस्था गरेको छु।

## श्रम तथा रोजगार

१४१. सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष ऐन, २०७५ तथा नियमावली, २०७६ ले लक्षित गरेका तथा गरिबीको रेखामुनि रहेका वर्ग र समुदायका स्वरोजगार बन्न चाहने युवा युवती

तथा दुर्गम र हिमाली क्षेत्रका बासिन्दालाई विशेष प्राथमिकता दिई सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष मार्फत सीपमूलक तालिम तथा सहुलियत व्याजदरमा कर्जा प्रदान गरी स्वरोजगार र उद्यमशील बन्न प्रेरित गरिनेछ।

१४२. स्थानीय तहको समन्वयमा वैदेशिक रोजगारलाई सुरक्षित, शोषणमुक्त, मर्यादित र अधिकतम् प्रतिफलदायक बनाउन अन्तर्राष्ट्रिय श्रम बजारमा माग हुने सीप तथा पेशाको पहिचान गरी सीप विकास तालिम लिएर मात्र वैदेशिक रोजगारीमा जान प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि रु. १ करोड बजेट विनियोजन गरेको छु।

१४३. श्रमलाई मर्यादित र व्यवस्थित बनाउन तथा सम्पूर्ण श्रमिकहरूलाई पञ्जीकृत गरी सामाजिक सुरक्षाको दायरामा ल्याउन सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ। सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१४४. श्रम बजारमा बालश्रम तथा बाध्यकारी श्रमको अन्त्य गर्नका लागि संघ सरकार र स्थानीय तहसँगको समन्वयमा रोजगार सेवा केन्द्र र रोजगार सूचना केन्द्रको सुदृढीकरण गरिनेछ।

१४५. उद्यमशीलता प्रवर्धनका लागि नवीन सोच, व्यावसायिक योजना तथा ज्ञान, सीप, क्षमता र अभिरूचि भएका युवा वर्ग एवम् वैदेशिक रोजगारबाट फर्किएकाहरूलाई लक्षित गरी स्टार्ट अप कार्यक्रम सञ्चालनका लागि रु. २ करोड बजेट विनियोजन गरेको छु।

१४६. शिक्षा, स्वास्थ्य, सामाजिक विकास, युवा तथा खेलकुद, भाषा, कला तथा संस्कृति विकासका लागि रु. ६ अर्ब ९५ करोड ५१ लाख विनियोजन गरेको छु।

## आन्तरिक सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन र आम सञ्चार

१४७. शान्ति सुव्यवस्था, विपद् व्यवस्थापन लगायतका कार्य गर्न सुरक्षा निकायहरुको भौतिक क्षमता अभिवृद्धिमा प्रदेश सरकारले प्रदान गर्दै आएको वित्तीय सहयोगलाई यस बर्ष पनि निरन्तरता दिएको छु।यसको लागी रु. विनियोजन गरेको छु।

१४८. अन्तराष्ट्रिय सिमा नाकामा एकिकृत सुरक्षा जाँच गर्न साथै सिमा नाकामा यात्रु प्रस्थान र आगमन अभिलेख व्यवस्थित गर्न प्रविधि जडान कार्यको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१४९. विपद् जोखिम न्यूनिकरण र प्रभावित क्षेत्रमा उत्थानशील कार्यलाई प्राथमिकता दिइनेछ। **"विपद् विमा कार्यक्रम, LEOC/DEOC को सुदृढीकरण, विपद् प्रतिकार्य पूर्वअभ्यास, गोताखोर तालिम लगायतका कार्यक्रम"**का लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१५०. संघ, प्रदेश, स्थानीय तह, निजी क्षेत्र र गैरसरकारी संघसंस्थाको समन्वय तथा साझेदारीमा लागुऔषध नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ साथै पुर्नस्थापना केन्द्रको क्षमता विस्तारका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

१५१. मानव अधिकारको संरक्षण र प्रवर्धन गर्न घरेलु हिंसा, मानव बेचविखन, मानव अधिकार हनन्, विद्युतीय अपराध लागयत विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु।

१५२. प्रदेशस्थित कारागारको भौतिक पूर्वाधार र आधारभुत सुविधा स्तरन्नोती गरी कैदीबन्दीलाई सीप तथा उद्यम विकासका साथै मनोसामाजिक परामर्श, सकारात्मक सोच, खेलकुद, योगध्यान लागायतका कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१५३. आमसञ्चार र पत्रकारिता क्षेत्रको विकास एवम् संस्थागत क्षमता अभिवृद्धि कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिएको छु। कार्यविधि परिमार्जन यसलाई वस्तुगत बनाईनेछ। यसको लागी आवश्यक रकम विनियोजन गरेको छु।

१५४. द्वन्द प्रभावितको तथ्याङ्क अद्यावधिक गरी उद्धमसिलता विकासको कार्यक्रम सञ्चालन गर्न साथै स्वास्थ्य विमाको व्यवस्थाका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

१५५. प्रदेशमा वसोबास गर्ने सबै नागरिकहरुको विपदबाट राहत दिन र सामाजिक सुरक्षाको प्रत्याभुतिको लागी कार्यबिधि तर्जुमा गरी निशुल्क विपत विमा प्रदेश कार्यक्रम चालु बर्षमै शुरु हुने गरी रु. ५० लाख विनियोजन गरेको छु।

१५६. धनगढी उपमहानगरपालिकको साझेदारीमा अत्यावश्यक दमकल खरिदको लागी रु. १ करोड विनियोजन गरेको छु।

१५७. कैलाली जिल्लाको गौरीफन्टा अतरिया तथा कर्णाली प्रवेशमा अत्याधुनिक डिजीटल प्रणाली (AMPR ) जडानकार्य यसै बर्षबाट सुरु गरिनेछ। सुरक्षा निकायको समेत साझेदारीमा संचालन तथा ब्यवस्थापन गर्ने गरी आवश्यक ब्यवस्था मिलाएको छु।

१५८. चालु आवबाटै शहिद तथा वेपता परिवारको जीविकोपार्जनका थप टेवा दिने उद्देश्यले "**निशुल्क स्वास्थ विमा कार्यक्रम**" संचालन गरिनेछ। यसको चालु आव भित्रै कार्यविधि तर्जुमा गरी कार्यक्रम शुरु गर्न आवश्यक ब्यवस्था मिलाएको छु।

१५९. आन्तरिक मामिला तथा कानुन मन्त्रालयको लागि रु. ३६ करोड ४७ लाख विनियोजन गरेको छु।

<u>**सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोष**</u>

१६०. सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको लक्षित समूह कार्यक्षेत्र विस्तार गरी यसका कार्यहरुलाई थप विस्तार गर्न कोषको नीतिगत परिमार्जनको कार्य तत्काल सुरु गरिनेछ। मापदण्ड पुगेका सहकारी संस्था मार्फत "**न्युन ब्याजदरमा लक्षित समूह आत्मनिर्भर कार्यक्रम**"लाई यस बर्ष पनि निरन्तरता दिएको छु। नवपर्वतनमा आधारित स्टार्ट अप ब्यवसायलाई प्रवर्द्धन गर्न कार्यविधि निर्माण गरी कार्यान्वयन गरिनेछ।

## बजेट तथा कार्यक्रम र आयोजना व्यवस्थापन

१६१. प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७८/७९-२०८२/८३) को विकास सम्बन्धी रणनीति, प्राथमिकता, क्षेत्रगत रणनीति र कार्यनीतिका आधारमा दिगो विकास लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नती हुने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी प्रादेशिक विकास आयोजना तथा कार्यक्रममा बजेट विनियोजनलाई प्राथमिकता दिएको छु। साथै चालु आवधिक योजनाको मध्यावधि समीक्षा गरी सोह्रौ योजनासँगतादात्म्यता कायम गर्न व्यवस्था मिलाएको छु।

१६२. योजना छनौट तथा प्राथमिकीकरण गर्ने प्रक्रियालाई कानुन अनुरुप मागमा आधारित,यथार्थपरक र सहभागितामूलक तुल्याउन मौजुदा प्रादेशिक नीतिहरुको समीक्षा गरी कार्यान्वयनका लागि नीतिगत तथा कानुनी व्यवस्थामा आवश्यक परिमार्जन चालु आवमै गर्ने गरी ब्यवस्था मिलाएको छु।

१६३. वार्षिक विकास कार्यक्रममा दिगो विकास लक्ष्य, लैंगिक उत्तरदायीएवं जलवायु अनुकूलन सम्बन्धी बजेट कोड अवलम्बन गर्दै सो सम्बन्धी आवश्यक निर्देशिका तर्जुमा तथा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१६४. परियोजनामा आधारित बजेट प्रणालीलाई आत्मसात गर्न आर्थिक र सामाजिक लाभ दिने एवम् पूँजी निर्माणमा योगदान पुरयाउने प्रदेश गौरव, रणनीतिक महत्व र रुपान्तरणकारी आयोजनाको सम्भाव्यता अध्ययन गरी आयोजना बैंकमा सूचीकृत गर्ने कार्यका लागि आवश्यक प्रबन्ध मिलाएको छु।

१६५. आर्थिक तथ्याङ्क व्यवस्थापन एवम् तथ्यमा आधारित नीति तर्जुमाका लागि अध्ययन र अनुसन्धानलाई प्राथमिकता दिएको छु। हरेक मन्त्रालय तथा सम्बन्धित निकायहरुमा सूचना तथा अनुसन्धान कक्षको व्यवस्था गरी सूचना प्रविधि र तथ्याङ्क सम्बद्ध कर्मचारीको लागि तथ्याङ्क एवम् अनुसन्धान सीप सम्बन्धी कार्यक्रम सञ्चालनका लागि आवश्यक रकम छुट्याएको छु।

१६६. प्रदेश आयोजना बैंक तर्जुमा दिग्दर्शनमा समावेश भए बमोजिम प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई सबै मन्त्रालय तथा निकायहरुमा प्रयोग गरिनेछ। आयोजना बैंक, प्राथमिकीकरण, वातावरण सन्तुलन, क्षेत्रगत तथा अन्तरनिकाय समन्वय लगायत भौतिक पूर्वाधार एवं आर्थिक सामाजिक विकास व्यवस्थापनमा देखिएका समस्या समाधान गर्न आवश्यक कानूनी तथा नीतिगत व्यवस्था गरिनेछ।

१६७. प्रदेश स्थित कार्यालयहरुमा प्रयोग भइरहेको सूचना प्रविधि प्रणालीहरुको मुख्यमन्त्री कार्यालयमा एकिकृत गरिनेछ। प्रदेश कार्यालयहरुमा प्रयोग हुने सबै प्रकारका सूचना प्रविधि प्रणालीहरुको मापदण्ड समेत एकिकृत रुपमा प्रयोगमा ल्याइनेछ। जनतासँग मुख्यमन्त्री कार्यक्रम, अनलाइन आयोजना अनुगमन प्रणाली जस्ता अनलाईन प्रविधिलाई मुख्यमन्त्री

कार्यालयमा स्थापना हुने शिघ्र सुनुवाई कक्षबाट सम्वोधन हुने गरी आवश्यक ब्यवस्था मिलाएको छु।

१६८. आवधिक योजनाले निर्दिष्ट गरेका प्राथमिकताका क्षेत्र र प्रदेश सभाका माननीय सदस्यज्यूहरुको सुझावका आधारमा योजना निर्माण प्रक्रियालाई समयानुकुल बनाउन योजना तर्जुमा प्रक्रियालाई सहभागितामूलक बनाउँदै आयोजना बैंकलाई थप व्यवहारिक बनाइनेछ। आयोजना छनौट र प्राथमिकीकरणलाई नियमित कार्यप्रणालीमा आवद्ध गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१६९. एकीकृत राष्ट्रिय तथ्याङ्क नीतिसँग तादात्म्यता हुने गरी प्रदेश स्तरमा तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति तर्जुमा गरी प्रमाणमा आधारित योजना तर्जुमा पद्धतिको विकास गरिनेछ। यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१७०. प्रदेश गौरवका आयोजना छनौट सम्बन्धी मापदण्ड पुनरावलोकन गरी हाल सञ्चालित आयोजनाहरूको पुनरावलोकन गरिनेछ। प्राविधिक, आर्थिक, सामाजिक तथा वातावरणीय दृष्टिले सम्भाव्य सबै क्षेत्रका आयोजनाहरूलाई समेट्ने गरी प्रदेश गौरवका आयोजनाको रुपमा छनौट गर्ने आवश्यक प्रबन्ध मिलाएको छु।

१७१. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन ऐनका आधार र संविधानले तोकेको प्रदेशको कार्यक्षेत्रभित्र सञ्चालित आयोजना र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी प्रदेशस्तरीय नीतिगत तथा कानुनी प्रबन्ध प्राथमिकताका साथ अगाडी बढाउन आवश्यक प्रबन्ध मिलाएको छु।

१७२. आवधिक योजना, मध्यमकालीन खर्च संरचना रस्थानीय तहमा आयोजना बैंक तर्जुमा गर्न बाँकी रहेका यस प्रदेश भित्रका स्थानीय तहहरूमा आवधिक योजना, मध्यमकालीन खर्च संरचना र स्थानीय स्तरको आयोजना बैंक तर्जुमा गर्न र एकिकृत विकास कार्यक्रम सामभाव्यता अध्ययन गर्नका लागि आवश्यक समन्वय र सहयोग गरी योजनाबद्ध विकास प्रयासलाई संस्थागत गरिने प्रबन्ध गरेको छु।

१७३. आत्मनिर्भर प्रदेश निर्माणका लागि कृषिमा उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न प्रदेश भित्र सतह सिंचाई, भूमिगत सिंचाई, जलश्रोत व्यवस्थापन तथा जलउत्पन्न प्रकोप सम्बन्धी वस्तुगत विवरण सहितको तथ्याङ्क संकलन र विश्लेषण गरी सिंचाई तथा जलश्रोत व्यवस्थापन लगायत विभिन्न अध्ययन, अनुसन्धान तथा सर्वेक्षणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१७४. सार्वजनिक क्षेत्रमा राज्यको दायित्व वढ्दैजाने र श्रोतको व्यवस्थापन कठीन हुँदै जाने अवस्थालाई ध्यानमा राखी लाभप्रद आयोजनामा प्रदेश आफैंले लगानी गर्ने नीति अनुरुप सम्भाव्य आयोजना पहिचान गरी लगानी गरिनेछ। त्यसका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु।

१७५. निजी क्षेत्र र प्रदेश सरकार संगसँगै भन्ने अभियानका साथ सहकार्य र साझेदारी प्रवर्द्धनका लागी प्रदेश साझेदारी नीतिको तर्जुमा गरिनेछ। प्रदेशमा वाह्य लगानी आकर्षण गर्न चालु

आर्थिक बर्षमा लगानी सम्मेलनको आयोजना गरिनेछ। प्रदेश औद्योगिक ग्रामको साम्भाव्यता अध्ययन गरी लगानी प्रवर्द्धन गर्न चालु आर्थिक वर्षमा आवश्यक कार्यहरु गर्ने ब्यवस्था मिलाएको छु।

१७६. अनुसन्धानमा आधारित नीति तथा योजना निर्माण र कार्यान्वयनमा जोड दिईनेछ। यसका लागि यस वर्ष प्रदेश सरकारबाट विगतमा कार्यान्वयन भएका योजनाहरुको प्रभाव मुल्याँकन अनुगमन तथा मूल्यांकनका आधारमा अनुसन्धान गर्न र पूँजीगत खर्चको दक्षता अभिबृद्धीका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१७७. सुदूरपश्चिम प्रदेशको भौगोलिक विशेषता हिमाली, पहाडी र तराईका जिल्लाहरुमा बसाइ सराई तथा अव्यवस्थित शहरीकरणले ठूलो प्रभाव पारेको हुनाले सोको व्यवस्थापन गरी समृद्ध तथा आत्मनिर्भर प्रदेशको अवधारणालाई सार्थक तुल्याउन औद्योगिक विकास लगायतका विषयमा अध्ययन तथा अनुसन्धान गरिनेछ।

१७८. प्रदेशले निर्धारण गरेको मापदण्ड अनुरुप स्थानीय तहले पहिचान गरी संचालन गर्ने आयोजनाहरुका लागि उपलब्ध गराइने समपूरक र विशेष अनुदानलाई यस वर्ष पनि निरन्तरता दिइएको छ। यसलाई प्रभावकारी बनाउन स्थानीय तहहरुलाई अभिमुखीकरण गर्ने र अनुगमन कार्यलाई प्राथमिकतामा राखिनेछ।

१७९. प्रदेश सरकारले जारी गरेका नीतिहरु तथा क्रियाकलापहरुको वारेमा प्रदेश बासीलाई सूचना प्रवाह गर्ने, नीति बहस, असर र प्रभावको अर्थपूर्ण सेवा मार्फत सचेतीकरण अभियान संचालन गर्न चालु आवमै विकासमा साझेदारी कार्यक्रम र नीति सम्वाद केन्द्र स्थापना एवं संचालन गर्ने गरी आवश्यक ब्यवस्था मिलाएको छु। यसबाट प्रदेश सरकार तथा प्रदेशवासी वीचको सम्बन्ध अझ सुदृढ हुने विश्वास लिएको छु।

## सार्वजनिक सेवा प्रवाह, कर्मचारी उत्प्रेरणा र शासकीय सुधार

१८०. सुदुरपश्चिम प्रदेश निजामती सेवा एन हाल संशोधन सहित पारित भई कार्यान्वयन चरणमा रहेको छ। यसमा सम्वन्धित नियमावली शीघ्र पारित गरी प्रदेश लोक सेवा आयोगबाट प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवातर्फका रिक्त पदहरूमा क्रमशः पदपूर्ति गर्दै लगिनेछ। सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, सुदृढ र सेवामुखी बनाउन योग्यता, निष्पक्षता र स्वच्छता कायम गर्दै उपयुक्त उम्मेदवार छनौट गर्नका लागि प्रदेश लोक सेवा आयोगको संस्थागत सुदृढीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ। प्रदेश निजामती सेवा र स्थानीय सेवामा पदपूर्ति लगायतका कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनीयोजन गरेको छु

१८१. माननीय मुख्यमन्त्रीज्यूको पदवहालीको अवसरमा भएको सुशासन सम्बन्धि अध्ययन कार्यदलले दिएको प्रतिवेदनका सुझावहरुलाई क्रमश कार्यान्वयन गर्दै लगिनेछ। यसको लागि आवश्यक ब्यवस्था मिलाएको छु।

१८२. मुख्य न्यायाधिवक्ताको कार्यालयको संस्थागत सुदृढीकरण र कर्मचारीहरूको क्षमता विकासका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

१८३. प्रदेश कर्मचारीहरुको विवरण एकिकृत सफ्टवेयर मार्फत अभिलेख व्यवस्थापनलाई बैज्ञानिक बनाउन प्रदेश किताबखानाको सुदृढीकरण गरिनेछ। यसको लागी रु. ३ करोड विनियोजन गरेको छु।

१८४. सेवा प्रवाहलाई स्वच्छ, निष्पक्ष, दक्ष, सवल र सुशासन मैत्री बनाउन प्रदेशस्तरिय प्रशासनिक पुनर्संरचनाको कार्यलाई अगाडी बढाईनेछ।

१८५. कर्मचारीहरूको क्षमता विकास तथा तालिम र अभिमुखीकरणका कार्यक्रमहरू सञ्चालन गर्न सुदुरपश्चिम प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको संस्थागत सुदृढीकरणका लागि आवश्यक व्यवस्था गरेको छु।

१८६. सुदुरपश्चिम प्रदेशका सार्वजनिक संगठनहरूबाट प्रवाह हुने सेवालाई स्वच्छ, सक्षम, निष्पक्ष, जवाफदेही, पारदर्शी र उत्तरदायी बनाउँदै सरकारी सेवालाई सरल, सहज र पहुँचयोग्य बनाउने कार्यक्रमका लागि आवश्यक विनीयोजन गरेको छु। यसै आवमा प्रदेश स्थित कार्यालय,तालिम केन्द्र एवं निर्देशानालयहरुको सुदृढीकरण तथा खारेजीको लागी उच्च स्तरीय कार्यदल गठन गरी प्राप्त सिफारिसलाई कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाएको छु।

१८७. सबै कर्मचारीहरूको वृत्ति विकास सुनिश्चित गर्न प्रदेश निजामती सेवासम्बन्धी कानून परिमार्जन लगायतका आवश्यक कार्यहरू गरिनेछ। नेपालको संविधानको अधिकार क्षेत्रबमोजिम प्रदेशले निर्माण गर्नुपर्ने बाँकी कानुनहरू तर्जुमा गरी कार्यान्वयनमा प्राथमिकता दिई संघीयताको सवलीकरण गरिनेछ।

१८८. सुशासन प्रवर्द्धनमार्फत भ्रष्टाचार नियन्त्रणका लागि प्रदेशस्तरीय रणनीति तथा कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउन तथा प्रदेशका सम्बद्ध नीति, कानुन, निर्देशिका र मापदण्डमा सुधार, परिमार्जन र संशोधन गर्न प्रणाली सुधार कार्यक्रम अन्तर्गत आवश्यक बजेटको व्यवस्था गरेको छु।

१८९. सुदुरपश्चिम प्रदेशका कर्मचारीहरूको प्रोत्साहनका लागि प्रदेश विशेष प्रोत्साहन भत्ता तथा प्रदेश निजामती कर्मचारीको आन्तरिक भ्रमण कार्यक्रमलाई यस बर्ष पनि निरन्तरता दिएको छु।

<u>सार्वजनिक वित्त व्यवस्थापन</u>

१९०. प्रदेशको आन्तरिक राजस्वको दर समायोजन र करका दायरा विस्तार र समग्र राजस्व परिचालनलाई व्यवस्थित गर्न राजस्व सम्भाव्यता अध्ययन कार्यदल गठन गरी प्राप्त सुझावलाई कार्यान्वयन गरिनेछ।

१९१. प्रदेशमा लगानीमैत्री वातावरण निर्माण, यातायात सेवा कार्यालय र यातायात व्यवस्था कार्यालयहरूको संस्थागत सुदृढीकरण र क्षमता विकास, उद्योग तथा कृषि, पर्यटन र सेवा

क्षेत्रमा स्वदेशी तथा विदेशी पुँजी र प्रविधि आकर्षण गर्न विशेष सुविधा र प्रोत्साहन, सेवा प्रवाहमा नवप्रवर्तन र राजस्वका दर र दायरामा समयसापेक्षिक रूपमा परिवर्तन गरी राजस्व संकलनमा अभिवृद्धि गरिनेछ।

१९२. सार्वजनिक खर्चमा अनुशासन कायम गर्न चालु एवम् प्रशासनिक खर्चमा उच्च किफायत कायम गर्दै खर्चमा गुणस्तर र दिगोपना तथा वित्तीय उत्तरदायित्व, पारदर्शिता र जवाफदेहितामा जोड दिइनेछ।

१९३. आन्तरिक लेखापरीक्षणलाई वित्तीय अनुशासनको आधारस्तम्भको रूपमा स्थापित गर्दै आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी एवम् सूचना प्रविधिमैत्री बनाइनेछ।

१९४. बेरुजु फछ्र्यौट तथा सम्परीक्षणलाई प्रभावकारी बनाउन कार्ययोजना तयार गरी लागु गरिनेछ। बेरुजु फछ्र्यौटको प्रगतिका आधारमा सम्बन्धित कार्यालय प्रमुख तथा कर्मचारीलाई कार्यविधि बमोजिम सम्मान एवम् पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।

## आर्थिक योजना तथा तथ्याङ्क

१९५. प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७८/७९-२०८२/८३) को विकास सम्बन्धी रणनीति, प्राथमिकता, क्षेत्रगत रणनीति र कार्यनीतिका आधारमा दिगो विकास लक्ष्य र विकासशील राष्ट्रमा स्तरोन्नती हुने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी प्रादेशिक विकास आयोजना तथा कार्यक्रममा बजेट विनियोजनलाई प्राथमिकता दिएको छु। साथै, चालु आवधिक योजनाको मध्यावधि समीक्षा गरी सोह्रौ योजनासँग तादात्म्य कायम गर्नका लागि आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरेको छु।

१९६. राष्ट्रिय अनुगमन तथा मूल्याङ्कन ऐनका आधार र संविधानले तोकेको प्रदेशको कार्यक्षेत्रभित्र सञ्चालित आयोजना र कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन सम्बन्धी प्रदेशस्तरीय नीतिगत तथा कानुनी प्रबन्ध प्राथमिकताका साथ अगाडि बढाउन आवश्यक प्रबन्ध मिलाएको छु।

१९७. सार्वजनिक क्षेत्रमा राज्यको दायित्व बढ्दै गएको तथा स्रोतको व्यवस्थापनमा कठीनाई सिर्जना भएको सन्दर्भमा लाभप्रद आयोजनामा प्रदेश आफैले लगानी गर्ने नीति अनुरूप सम्भाव्य आयोजना पहिचान गरी लगानी गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

१९८. एकीकृत राष्ट्रिय तथ्याङ्क नीतिसँग तादात्म्य हुने गरी प्रदेशस्तरमा तथ्याङ्क सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति तर्जुमा गरी प्रमाणमा आधारित योजना तर्जुमा पद्धतिको विकास गरिनेछ।

१९९. आर्थिक तथ्याङ्क व्यवस्थापन तथा तथ्य प्रमाणमा आधारित नीति तर्जुमाका लागि तथ्याङ्क र अनुसन्धान सीप सम्बन्धी कार्यशाला/कार्यक्रम सञ्चालन एवम् हरेक मन्त्रालय तथा केन्द्रिय निकायहरूमा सूचना तथा अनुसन्धान कक्षको व्यवस्थापन गर्न प्रोत्साहन गरिनेछ।

२००. मध्यमकालीन खर्च संरचना, स्रोत अनुमान, राजस्व अनुमान/प्रक्षेपण, आर्थिक सर्वेक्षण, बजेट कार्यान्वयनको त्रैमासिक, अर्धवार्षिक र वार्षिक मूल्याङ्कन प्रतिवेदन कार्यलाई वैज्ञानिक, यथार्थपरक र तथ्य प्रमाणमा आधारित बनाई सूचना प्रविधिमैत्री बनाउँदै लगिनेछ।

२०१. संघ सरकारसँगको समन्वयमा प्रदेशको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा लैङ्गिक उत्तरदायी र दिगो विकास लक्ष्य बजेट कोड अवलम्बन गर्ने व्यवस्था मिलाइनेछ।

२०२. प्रदेश सरकारबाट स्थानीय तहहरूलाई उपलब्ध गराइने समपूरक र विशेष अनुदानलाई निरन्तरता दिएको छु। अनुदानको प्रभावकारी उपयोगका लागि स्थानीय तहहरूलाई अभिमुखीकरण र आयोजना अनुगमन कार्यलाई प्राथमिकतामा राखिनेछ।

<u>राजस्व परिचालन</u>

२०३. प्रदेश सरकारको घरजग्गा रजिस्ट्रेसनतर्फको सेवा शुल्कमा सामान्य संशोधन गरेको छु। प्रदेशहरूबीच हुने बेजिल्ला बेइलाका पारित गर्ने र कारागारमा रहेका कैदीबन्दी तथा थुनुवाबाट हुने डोर माग सम्बन्धी प्रशासनिक कार्यलाई सहजीकरण गरेको छु।

२०४. स्रोत, साधन, प्रविधि तथा जनशक्ति व्यवस्थापन एवम् कानुनी व्यवस्था भई नसकेका स्थानीय तहहरूको हकमा टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा प्रदेश सरकारले कर लगाउने तथा उठाउने व्यवस्था गरी त्यस्तो सङ्कलित करको बाँडफाँट गर्ने व्यवस्था मिलाएको छु।

२०५. प्रदेशका निजी तथा साझेदारी व्यवसायहरूलाई औपचारिक अर्थतन्त्रको परिधिमा ल्याउन प्रोत्साहन गर्दै दर्ता तथा नवीकरण दस्तुरलाई कम गरेको छु र नवीकरणको म्याद समाप्त भई पाँच वर्ष नाघिसकेका व्यवसायीहरू नवीकरण गर्न आएमा जरिवानाको दश प्रतिशत मात्र लिने विशेष व्यवस्था गरेको छु।

२०६. प्रदेशभित्र विद्युतीय सूचना प्रणालीमा आधारित राइड सेयरिङ्ग एप मार्फत सार्वजनिक सवारी साधन प्रयोग गरी सेवा दिने संस्थाको दर्ता तथा नवीकरण र दुई पाङ्ग्रे सार्वजनिक सवारी साधन कर सम्बन्धी नयाँ व्यवस्था गरेको छु। सवारी साधन कर, दस्तुर र शुल्कमा केही संशोधन गरेको छु।

२०७. कम्तीमा पाँच वर्ष वा सोभन्दा बढी अवधिसम्म नियमानुसार बुझाउनुपर्ने सवारी साधन कर नबुझाएका र नवीकरण नगरेका सवारी साधनको हकमा सवारी साधन कर तथा नवीकरणको जरिवानामा शत प्रतिशत छुट दिने व्यवस्था गरेको छु।

२०८. सामुदायिक तथा साझेदारी वनको आन्तरिक तथा बाह्य बिक्री वितरणबाट हुने आम्दानीमा लाग्ने बिक्री शुल्कलाई क्रमशः दश प्रतिशत र पच्चीस प्रतिशत कायम हुने गरी कम गरेको छु।

२०९. सम्बत् २०८१ साल साउन १ गते देखि सम्बत् २०८१ साउन २३ गतेसम्म प्रदेशमा राजस्व संकलन गर्ने अधिकार प्रदान गर्ने कानुन निष्प्रभावी भई सो अवधिमा कर चुक्ता गर्न नसक्दा म्याद नाग्न गई थप तिर्नु वा बुझाउनु पर्ने जरिवाना वापतको रकम आगामी आर्थिक वर्ष २०८२/८३ मा सम्बन्धित राजस्व संकलन गर्ने कार्यालय मार्फत फिर्ता वा समायोजन गर्ने गरी कानुनी व्यवस्था मिलाएको छ।

<u>स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण</u>

२१०. सुदूरपश्चिम प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७९ र सुदूरपश्चिम प्रदेश विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७९ तर्जुमा भई कार्यान्वयनमा आएको छ। आयोजना तथा कार्यक्रमको प्रस्ताव र छनोट कार्यमा विद्युतीय माध्यमको प्रयोगले स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको कार्यलाई आर्थिक वर्ष २०८०/८१ बाट सुरुवात गरिएको र थप व्यवस्थित र पारदर्शी बनाउन सूचना प्रविधिमा आधारित योजना छनोट प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाइनेछ।

२११. आर्थिक वर्ष २०८१।८२ को लागि स्थानीय तहमा समानीकरण अनुदानतर्फ रु. ८६ करोड हस्तान्तरण गरेको छु। जुन आर्थिक वर्ष २०८०।०८१ को तुलनामा ६.६८ प्रतिशतले बढी हुन आउँछ।

२१२. आर्थिक वर्ष २०८१।८२ को लागि ससर्त अनुदानको रकम रु.१ अर्ब २ करोड १७ लाख ६० हजार स्थानीय तहमा हस्तान्तरण गरेको छु। जुन गत आर्थिक वर्षको तुलनामा १०६.६९ प्रतिशतले बढी हुन आउँछ।

प्रदेश विभाज्य कोषमा जम्मा हुने सवारी साधन कर रु. ३० करोड ४० लाख स्थानीय संचित कोषमा बाँडफाँट भएर जाने अनुमान गरेको छु। जुन गत आर्थिक वर्षको तुलनामा २.०३ प्रतिशतले बढी हुन आउँछ।

२१३. स्थानीय तहबाट आर्थिक वर्ष कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमका लागि समपूरक अनुदानतर्फ रु. १ अर्ब र विशेष अनुदानतर्फ ५० करोड विनियोजन गरेको छु।

२१४. विषयगत मन्त्रालयबाट प्रस्तावित ससर्त अनुदानतर्फ विनियोजित कार्यक्रम तथा बजेट वित्तीय हस्तान्तरणको माध्यमबाट स्थानीय तहमा पठाउने व्यवस्था मिलाएको छु। स्थानीय तहमा ससर्त अनुदानका कार्यक्रम हस्तान्तरण एवम् कार्यान्वयन सम्बन्धी व्यवस्था विनियोजन विधेयकमा गरेको छु।

<u>वजेट कार्यान्वयन</u>

२१५. उपरोक्त वजेटले लिएका नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवधिक समीक्षा ,सहभागितामुलक अनुगमन पद्धति ,साझेदारी कार्यक्रम, बजेट कार्यान्वयन कार्ययोजना,

नीति प्रभाव मुल्याँकन र आयोजना बैङ्क जस्ता उपकरणहरु प्रभावकारी प्रयोग गरिनेछ। विनियोजन तथा मार्गदर्शन मार्फत मूल्यमा प्रतिस्पर्धा गरी मात्र कार्यान्वयन गर्न कार्यक्रमहरु र विषयलाई प्राथमिकतामा राखी सम्मानित सभामा पेश गरेको छु।

२१६. नदी नियन्त्रण, तटबन्ध, भू-संरक्षण, घेरबार तथा पर्खाल, सिंचाई कुलो, खानेपानी, मठ मन्दिर, विद्यालय भवन लगायत सबै नयाँ सार्वजनिक निर्माणका जटिल प्रकृतिका कार्यहरु प्रचलित कानुन बमोजिम ठेक्का प्रक्रियामार्फत कार्यान्वयन गर्ने गरी कानुनी व्यवस्था मिलाएको छु। यसबाट आयोजना सुशासन कायम हुने कुरामा विश्वास लिएको छु।

**माननीय सभामुख महोदय,**

अब म माथि उल्लिखित नीति तथा कार्यक्रमको कार्यान्वयनका लागि बजेट **विनियोजन र स्रोत व्यवस्थापनको अनुमान** प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२१७. आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नको लागि मैले कुल रु. ३१ अर्ब ६२ करोड ९८ लाख २८ हजार विनियोजन गरेको छु। कुल विनियोजनमध्ये चालुतर्फ रु. १२ अर्ब ८५ करोड ७४ लाख ५ हजार अर्थात् ४०.६५ प्रतिशत, पुँजीगततर्फ रु. १८ अर्ब ७६ करोड २४ लाख २३ हजार अर्थात् ५९.३२ प्रतिशत र वित्तीय व्यवस्थातर्फ रु. १ करोड अर्थात ०.०३ प्रतिशत हुने गरी विनियोजनको व्यवस्था मिलाएको छु।

२१८. आर्थिक वर्ष २०८१/८२ का लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आन्तरिक राजस्व परिचालनबाट रु. १ अर्ब ६० करोड ७० लाख १५ हजार नेपाल सरकारबाट राजस्व बाँडफाँटबाट प्राप्त हुने अनुमानित रकम ९ अर्ब ९९ करोड १९ लाख, संघीय रोयल्टी बाँडफाँट वापत प्राप्त हुने रकम रु. ४ करोड ४ लाख ५५ हजार, नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान रु. ८ अर्ब ७२ करोड २७ लाख, आर्थिक वर्ष २०८०/८१ को विनियोजनबाट बचत हुने अनुमानित रकम रु. ६ अर्ब १५ करोड ८३ लाख ५८ हजार, ससर्त अनुदानबाट प्राप्त हुने रु. ३ अर्ब १३ करोड ३४ लाख, संघीय समपूरक अनुदानबाट प्राप्त हुने अनुमान गरिएको रु. १ अर्ब ४२ करोड र विशेष अनुदान वापत रु. ५५ करोड ६० लाख प्राप्त हुने अनुमान गरेको छु।

**माननीय सभामुख महोदय,**

२१९. आर्थिक वर्ष २०७९/८० को यथार्थ खर्च, आर्थिक वर्ष २०८०/८१ को संशोधित अनुमान र आर्थिक वर्ष २०८१/८२ को अनुमानित आय व्यय विवरण अनुसूचीमा उल्लेख गरेको छु। मध्यमकालीन खर्च संरचना र विषयगत मन्त्रालयको चालु आर्थिक वर्षको प्रगति विवरण यसै साथ प्रस्तुत गरिएको छ।

२२०. आर्थिक वर्ष २०८१/८२ मा अन्तरसरकारी वित्त व्यवस्थापनको माध्यमबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र ससर्त अनुदानको विवरण व्यय अनुमानमा खुलाई पेस गरेको छु।

२२१. आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट प्रदेशमा उत्पादन र उत्पादकत्व अभिवृद्धि, भौतिक पूर्वाधार विकास, उच्च र समन्यायिक आर्थिक वृद्धि, रोजगारी सिर्जना, गरिबी, बेरोजगारी, आर्थिक असमानता तथा सामाजिक विभेद र वञ्चितिकरणको न्यूनीकरण, सामाजिक न्याय, मानव पुँजी निर्माण, मानव विकास, विधिको शासन, प्रभावकारी सेवा प्रवाह, संघीयता कार्यान्वयन र सुशासन प्राप्तिका लागि बलियो आधार निर्माण गरी आत्मनिर्भर, स्वचालित र समृद्ध प्रादेशिक अर्थतन्त्रको विकास हुने विश्वास लिएको छु।

२२२. प्रस्तुत बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, माननीय सभामुखज्यू, यस प्रदेशबाट संघीय संसदमा प्रतिनिधित्व गर्नुहुने माननीय सांसदज्यू, माननीय मन्त्रीज्यू, माननीय उपसभामुखज्यू, प्रदेश सभाका विषयगत समितिका माननीय सभापतिज्यू, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष एवम् सदस्यज्यूहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। मैले सम्मानित प्रदेश सभामा पेस गरेको बजेटका सिद्धान्त र प्राथमिकतामा छलफल गरी सुझाव प्रदान गर्नुभएकोमा माननीय सदस्यज्यूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु।

२२३. बजेट तर्जुमा प्रक्रियामा रचनात्मक सुझाव दिनुहुने राजनीतिक दल, स्थानीय तहका पदाधिकारी, निजी क्षेत्र तथा सहकारी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सामुदायिक तथा सामाजिक संघ-संस्था, सञ्चार जगत, नागरिक समाज र देश विदेशमा रहनु भएका प्रदेशवासीलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२२४. अन्तमा, यस प्रदेशमा गरिवीको रेखामुनि रहेका तथा विभेद र बहिष्करणमा परेका वर्ग, क्षेत्र, लिङ्ग जाति समुदायहरुको सामाजिक विभेद, वञ्चितिकरण तथा वहिष्करण उत्थान र सबलीकरण , गरिबी तथा बेरोजगारी, श्रम पलायन जस्ता आर्थिक तथा सामाजिक तथा साँस्कृतिक क्षेत्र, पर्यावरणीय क्षेत्र र आयोजना व्यवस्थापन सार्वजनिक वित्त व्यवस्थापन सम्बद्ध समस्या तथा चुनौतीको सम्बोधन गर्दै **"आत्मनिर्भर र समृद्ध सुदूरपश्चिम प्रदेश"** निर्माणको दीर्घकालीन सोचलाई हासिल गर्न बलियो आधार निर्माण गर्ने गरी तर्जुमा गरिएको प्रस्तुत बजेट तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सम्बद्ध सबैको अर्थपूर्ण सहभागिता एवम् सहयोगका लागि सबै सरोकारवाला पक्षलाई हार्दिक अनुरोध गर्दछु।

धन्यवाद

# अनुसूचीहरु

# आय व्ययको विवरण

## आर्थिक वर्ष २०८१/८२

अनुसूची - १
(रु.हजारमा)

| विवरण | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | रकम | स्रोत | | |
| | | | | प्रदेश सरकार | संघ अनुदान | |
| | | | | | संघ | वैदेशिक |
| **१ राजस्व (२+३+४)** | **१६,८४,८९,९३** | **१३,३३,३७,८७** | **१७,७९,७७,२८** | **१७,७९,७७,२८** | **०** | **०** |
| २ कर | ९,०४,०९,६२ | ८,५३,८९,८२ | ११,३४,९१,९५ | ११,३४,९१,९५ | ० | ० |
| ३ अन्य राजस्व | ३४,०७,७५ | २३,४६,१४ | २९,०१,७५ | २९,०१,७५ | ० | ० |
| ४ विविध प्राप्ति | ७,४६,७२,५६ | ४,५६,०१,९१ | ६,१५,८३,५८ | ६,१५,८३,५८ | ० | ० |
| **५ प्रदेश सञ्चित कोषमा दाखिला हुने(१-४)** | **१६,८४,८९,९३** | **१३,३३,३७,८७** | **१७,७९,७७,२८** | **१७,७९,७७,२८** | **०** | **०** |
| **६ वित्तीय हस्तान्तरण अनुदान** | **११,७७,४२,९२** | **१३,३५,६८,६३** | **१३,८३,२१,००** | **०** | **१२,५४,५७,००** | **१,२८,६४,००** |
| **७ प्रदेश सरकारको राजस्व र अनुदान (५+६)** | **२८,६२,३२,८५** | **२६,६९,०६,५०** | **३१,६२,९८,२८** | **१७,७९,७७,२८** | **१२,५४,५७,००** | **१,२८,६४,००** |
| **८ खर्च (९+१०+११)** | **२४,०६,३०,९४** | **२०,५३,२२,९२** | **३१,६१,९८,२८** | **१७,७८,७७,२८** | **१२,५४,५७,००** | **१,२८,६४,००** |
| ९ चालु | ६,९८,०३,०४ | ७,०१,२६,५८ | ९,४७,५६,४५ | ६,६७,२५,९९ | २,३६,६७,४६ | ४३,६३,०० |
| १० पूंजीगत खर्च | १५,८१,४५,१६ | ११,१७,२०,६४ | १८,७६,२४,२३ | ७,७३,३३,६९ | १०,१७,८९,५४ | ८५,०१,०० |
| ११ वित्तीय हस्तान्तरण चालु | १,२६,८२,७४ | २,३४,७५,७० | ३,३८,१७,६० | ३,३८,१७,६० | ० | ० |
| **१२ बजेट बचत(-) न्यून(+) (८-७)** | **-४,५६,०१,९१** | **-६,१५,८३,५८** | **-१,००,००** | **-१,००,००** | **०** | **०** |
| **१३ वित्तीय व्यवस्था** | **०** | **०** | **१,००,००** | **१,००,००** | **०** | **०** |
| **१४ आन्तरिक वित्तीय सम्पत्ति (१५+१६+१७)** | **०** | **०** | **१,००,००** | **१,००,००** | **०** | **०** |
| १५ सार्वजनिक संस्थानमा ऋण लगानी | ० | ० | २०,०० | २०,०० | ० | ० |
| १६ अन्य संस्थामा ऋण लगानी | ० | ० | ३०,०० | ३०,०० | ० | ० |
| १७ संस्थानमा शेयर लगानी | ० | ० | ५०,०० | ५०,०० | ० | ० |
| **१८ बजेट बचत(-) न्यून (+) (१२+१३)** | **-४,५६,०१,९१** | **-६,१५,८३,५८** | **०** | **०** | **०** | **०** |
| **१९ कुल आम्दानी** | **२८,६२,३२,८५** | **२६,६९,०६,५०** | **३१,६२,९८,२८** | **१७,७९,७७,२८** | **१२,५४,५७,००** | **१,२८,६४,००** |
| **२० कुल खर्च** | **२४,०६,३०,९४** | **२०,५३,२२,९२** | **३१,६२,९८,२८** | **१७,७९,७७,२८** | **१२,५४,५७,००** | **१,२८,६४,००** |

## राजस्व तथा अनुदान प्राप्तिको अनुमान

### आर्थिक वर्ष २०८१/८२

अनुसूची - २
(रु.हजारमा)

| शीर्षक | २०७९/८० को यथार्थ | २०८०/८१ को संशोधित अनुमान | २०८१/८२ को लक्ष्य | वर्तमान स्रोतबाट | कर परिवर्तन तथा प्रशासनिक सुधारबाट |
|---|---|---|---|---|---|
| **कर** | **९,०४,०९,६२** | **८,५३,८९,८२** | **११,३४,९१,९५** | **११,३४,९१,९५** | **०** |
| **आय, मुनाफा तथा पूँजीगत लाभमा लाग्ने कर** | **०** | **०** | **५,००** | **५,००** | **०** |
| **एकलौटी फर्म तथा व्यक्तिगत आयमा लाग्ने कर** | **०** | **०** | **५,००** | **५,००** | **०** |
| कृषि आयमा कर | ० | ० | ५,०० | ५,०० | ० |
| **सम्पत्ति कर** | **४०,३६,५१** | **४५,३७,२९** | **५०,१३,७०** | **५०,१३,७०** | **०** |
| **घरजग्गा रजिष्ट्रेशन दस्तुर** | **४०,३६,५१** | **४५,३७,२९** | **५०,१३,७०** | **५०,१३,७०** | **०** |
| घरजग्गा रजिष्ट्रेशन दस्तुर | ४०,३६,५१ | ४५,३७,२९ | ५०,१३,७० | ५०,१३,७० | ० |
| **वस्तु तथा सेवामा आधारित कर** | **८,६३,७३,११** | **८,०८,५२,५३** | **१०,८४,७३,२५** | **१०,८४,७३,२५** | **०** |
| **मूल्य अभिवृद्धि कर (मू.अ .क.)** | **५,८९,०६,३८** | **५,५०,५८,४५** | **७,४९,३९,२५** | **७,४९,३९,२५** | **०** |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिवृद्धि कर | ५,८९,०६,३८ | ५,५०,५८,४५ | ७,४९,३९,२५ | ७,४९,३९,२५ | ० |
| **अन्तः शुल्क** | **२,०८,५४,२४** | **१,८३,५२,८२** | **२,४९,७९,७५** | **२,४९,७९,७५** | **०** |
| बाँडफाँड भई प्राप्त हुने अन्त शुल्क | २,०८,५४,२४ | १,८३,५२,८२ | २,४९,७९,७५ | २,४९,७९,७५ | ० |
| **पुर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर** | **६५,९६,५४** | **७४,१४,३०** | **८५,२६,४५** | **८५,२६,४५** | **०** |
| सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा पटके सवारी कर ) | ६५,९६,५४ | ७४,१४,३० | ८५,२६,४५ | ८५,२६,४५ | ० |
| **मनोरञ्जन तथा विज्ञापन कर** | **१५,९५** | **२६,९६** | **२७,८०** | **२७,८०** | **०** |
| बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ६ | १०,०० | १०,०० | १०,०० | ० |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १५,८९ | १६,९६ | १७,८० | १७,८० | ० |
| **अनुदान** | **११,७७,४२,९२** | **१३,३५,६८,६३** | **१३,८३,२१,००** | **१३,८३,२१,००** | **०** |
| **अन्तरसरकारी वितीय हस्तान्तरण** | **११,७७,४२,९२** | **१३,३५,६८,६३** | **१३,८३,२१,००** | **१३,८३,२१,००** | **०** |
| **अन्तरसरकारी अनुदान** | **९,३४,९५,०४** | **९,३६,४३,६३** | **१०,६३,१६,००** | **१०,६३,१६,००** | **०** |
| समानिकरण अनुदान | ७,८८,१५,६३ | ७,४५,५२,६३ | ८,७२,२७,०० | ८,७२,२७,०० | ० |
| शसर्त अनुदान चालु | १,४४,३७,७५ | १,६८,४१,०० | १,६३,८९,०० | १,६३,८९,०० | ० |
| विषेश अनुदान चालु | २,४१,६६ | २२,५०,०० | २७,००,०० | २७,००,०० | ० |
| **अन्तरसरकारी पूँजीगत अनुदान** | **२,४२,४७,८८** | **३,९९,२५,००** | **३,२०,०५,००** | **३,२०,०५,००** | **०** |
| शसर्त पूँजीगत अनुदान | १,७१,५५,७१ | २,८२,७५,०० | १,४९,४५,०० | १,४९,४५,०० | ० |
| विषेश पूँजीगत अनुदान | १४,७७,३५ | ३९,५०,०० | २८,६०,०० | २८,६०,०० | ० |
| समपुरक अनुदान पुँजीगत | ५६,१४,८२ | ७७,००,०० | १,४२,००,०० | १,४२,००,०० | ० |
| **अन्य राजस्व** | **३४,०७,७५** | **२३,४६,१४** | **२९,०१,७५** | **२९,०१,७५** | **०** |
| **सम्पत्तिबाट प्राप्त आय** | **४,१८,२०** | **३,९४,८५** | **६,८५,१९** | **६,८५,१९** | **०** |
| **भाडा र रोयल्टी** | **४,१८,२०** | **३,९४,८५** | **६,८५,१९** | **६,८५,१९** | **०** |
| बाँडफाँड भई प्राप्त वन रोयल्टी | २,९३,५० | २,३६,७४ | ३,०७,७६ | ३,०७,७६ | ० |
| बाँडफाँड भई प्राप्त खानी तथा खनिज सम्बन्धी रोयल्टी | ३,१३ | ३९ | ४३ | ४३ | ० |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी | १,०५,४९ | ८७,१३ | ९५,८४ | ९५,८४ | ० |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको बिक्रिबाट प्राप्त हुने आय | १५,९८ | ७०,१६ | २,८०,६४ | २,८०,६४ | ० |
| बाँडफाँड भई प्राप्त पर्वतारोहण बापतको रोयल्टी | १० | ४३ | ५२ | ५२ | ० |
| **वस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **१०,५८,०५** | **१०,२६,२६** | **१२,३४,२६** | **१२,३४,२६** | **०** |
| **वस्तु तथा सेवा बिक्रिबाट प्राप्त रकम** | **१०,५८,०५** | **१०,२६,२६** | **१२,३४,२६** | **१२,३४,२६** | **०** |
| अन्य सेवा शुल्क तथा बिक्री | १०,५८,०५ | १०,२६,२६ | १२,३४,२६ | १२,३४,२६ | ० |
| **दण्ड जरिवाना र जफत** | **१,८७,५८** | **१,८९,२२** | **२,०२,४७** | **२,०२,४७** | **०** |
| **दण्ड,जरिवाना र जफत** | **१,८७,५८** | **१,८९,२२** | **२,०२,४७** | **२,०२,४७** | **०** |
| प्रशासनिक दण्ड,जरिवाना र जफत | १,८७,५८ | १,८९,२२ | २,०२,४७ | २,०२,४७ | ० |
| **विविध राजस्व** | **१७,४३,९२** | **७,३५,८१** | **७,७९,८३** | **७,७९,८३** | **०** |
| **अन्य राजस्व** | **१७,४३,९२** | **७,३५,८१** | **७,७९,८३** | **७,७९,८३** | **०** |
| अन्य राजस्व | १७,४३,९२ | ७,३५,८१ | ७,७९,८३ | ७,७९,८३ | ० |
| **विविध प्राप्ति** | **७,४६,७२,५६** | **४,५६,०१,९१** | **६,१५,८३,५८** | **६,१५,८३,५८** | **०** |
| **विविध प्राप्ति** | **७,४६,७२,५६** | **४,५६,०१,९१** | **६,१५,८३,५८** | **६,१५,८३,५८** | **०** |
| **नगद तथा मौज्दात** | **७,४६,७२,५६** | **४,५६,०१,९१** | **६,१५,८३,५८** | **६,१५,८३,५८** | **०** |
| गत बर्षको नगद मौज्दात | ७,४६,७२,५६ | ४,५६,०१,९१ | ६,१५,८३,५८ | ६,१५,८३,५८ | ० |
| **जम्मा ( राजस्व / प्राप्ति )** | २८,६२,३२,८५ | २६,६९,०६,५० | ३१,६२,९८,२८ | ३१,६२,९८,२८ | ० |
| **राजस्व बाँडफाँट** | | | | | |
| **प्रदेश सञ्चित कोषमा दाखिला हुने राजस्व** | २८,६२,३२,८५ | २६,६९,०६,५० | ३१,६२,९८,२८ | ३१,६२,९८,२८ | ० |

# कार्यगत व्यय अनुमान
## आर्थिक वर्ष २०८१/८२

अनुसूची - ३
(रु.हजारमा)

| शीर्षक | २०८१/८२ को लक्ष्य | | | कुल अनुमानको प्रतिशत |
|---|---|---|---|---|
| | जम्मा | प्रदेश | स्थानीय तह | |
| **सामान्य सार्वजनिक सेवा** | **४,६६,७५,३६** | **१,२८,५७,७६** | **३,३८,१७,६०** | **१४.७६** |
| कार्यकारी र विधायिकाको निकाय,आर्थिक तथा वित्तिय र वैदेशिक मामिला | ४२,८९,८२ | ४२,८९,८२ | ० | |
| सामान्य सेवा | ६७,६२,१७ | ६७,६२,१७ | ० | |
| आधारभुत अनुसन्धान | ३०,०० | ३०,०० | ० | |
| सामान्य सार्वजनिक सेवामा अनुसन्धान तथा विकास | १७,६९,८७ | १७,६९,८७ | ० | |
| सामान्य सेवा - अन्यत्र वर्गीकृत नभएको | ५,९० | ५,९० | ० | |
| विभिन्न तहका सरकारहरु बीच हुने सामान्य प्रकृतिको हस्तान्तरण | ३,३८,१७,६० | ० | ३,३८,१७,६० | |
| **सार्वजनिक शान्ति सुरक्षा** | **३६,४७,५१** | **३६,४७,५१** | **०** | **१.१५** |
| सार्वजनिक शान्ति सुरक्षामा अनुसन्धान तथा विकास | ३६,४७,५१ | ३६,४७,५१ | ० | |
| **आर्थिक मामिला** | **१६,९६,०१,८६** | **१६,९६,०१,८६** | **०** | **५३.६२** |
| सामान्य आर्थिक, व्यापारिक र श्रम मामिला | १,००,०० | १,००,०० | ० | |
| कृषि, वन , मत्स्यपालन तथा शिकार | ७,८०,८१,२४ | ७,८०,८१,२४ | ० | |
| खानी , उत्पादन तथा निर्माण | १०,९५,०० | १०,९५,०० | ० | |
| यातायात | ८,३०,८१,९६ | ८,३०,८१,९६ | ० | |
| अन्य उद्योगहरु | ५०,४७,६४ | ५०,४७,६४ | ० | |
| अनुसन्धान तथा विकास - आर्थिक मामिला | २१,९६,०२ | २१,९६,०२ | ० | |
| **वातावरण संरक्षण** | **२,३८,४०** | **२,३८,४०** | **०** | **०.०८** |
| वातावरण संरक्षण - अन्यत्र वर्गिकृत नभएको | २,३८,४० | २,३८,४० | ० | |
| **आवास तथा सामुदायिक सुविधा** | **२,६५,८३,६०** | **२,६५,८३,६०** | **०** | **८.४०** |
| आवास विकास | ६५,९७,९९ | ६५,९७,९९ | ० | |
| खानेपानी | १,९९,८५,६१ | १,९९,८५,६१ | ० | |
| **स्वास्थ्य** | **३,४९,९९,९५** | **३,४९,९९,९५** | **०** | **११.०७** |
| औषधी उत्पादन,उपकरण तथा औजार | ४,६७,७० | ४,६७,७० | ० | |
| वहिरंग्र सेवा | ८,६२,०९ | ८,६२,०९ | ० | |
| अस्पताल सेवा | ५०,०३,७३ | ५०,०३,७३ | ० | |
| सार्वजनिक स्वास्थ्य सेवा | २,६७,८६,४३ | २,६७,८६,४३ | ० | |
| स्वास्थ्यमा अनुसन्धान सेवा | १८,८०,०० | १८,८०,०० | ० | |
| **शिक्षा** | **३,४४,१६,०९** | **३,४४,१६,०९** | **०** | **१०.८८** |
| सीपमूलक | १५,५० | १५,५० | ० | |
| तहमा वर्गिकृत नहुने शिक्षा (अनौपचारिक शिक्षा) | ५२,४६,७७ | ५२,४६,७७ | ० | |
| शिक्षाको लागि सहायक सेवाहरु | २,८३,४७,९० | २,८३,४७,९० | ० | |
| शिक्षा - अनुसन्धान विकास | ८,०५,९२ | ८,०५,९२ | ० | |
| **सामाजिक सुरक्षा** | **१,३५,५१** | **१,३५,५१** | **०** | **०.०४** |
| वेरोजगार | ९२,०१ | ९२,०१ | ० | |
| सामाजिक असमावेशी | ४३,५० | ४३,५० | ० | |
| **कुल जम्मा** | **३१,६२,९८,२८** | **२८,२४,८०,६८** | **३,३८,१७,६०** | **१००** |

